सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

९ कात्तिक २०८१, शुक्रबार (25 Oct 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १९१ ■ पृष्ठ १० | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-

## तिहार र छठमा काठमाडौंमा प्लास्टिकका फूलमाला बिक्री निषेध

यस वर्ष पनि महानगरले स्थानीय फूलमाला बिक्रीस्थान तोक्दै



(विस्तृत पृष्ठ २)

■ स्काउटमा खेलकुदमन्त्रीको 'खेल'

## पहिले नियुक्ति, पछि कानुन बनाउँदै



नियुक्तिको स्पष्ट कानुनी प्रावधान नहुँदै मन्त्री तेजुलाल चौधरीले ठाडो निर्णय गरेर स्काउटको सचिवमा शिवराम अर्याललाई चार वर्षका लागि नियुक्ति दिएपछि कानुन बनाउन लागिएको छ । तर, वर्षौंदेखिको भाडा नपाएको स्काउट बक्यौता उठाउन मन्त्रीले कुनै ध्यान दिएका छैनन् ।

(विस्तृत पृष्ठ ३)

## कागजमै सीमित नहोस् कृषिमा लगानी दशक



अग्रलेख

● उद्धव अधिकारी

लगानी दशकको पहिलो वर्षमै अघिल्लो वर्षमा भन्दा एक अर्ब ६९ करोड बजेट घटाइएबाट आगामी दिन कता जाँदै छन्, प्रस्ट भएको छ

(लेख पृष्ठ ७)

## सिंगापुरका संस्थापकका छोराले असुरक्षाका कारण लिए बेलायतमा शरण



सिंगापुर सरकारले आफू, आफ्नी पत्नी र छोरालाई सताइरहेको आरोप

(विस्तृत पृष्ठ ५)

## लक्ष्यको ८४.२३ प्रतिशत उठ्यो आन्तरिक राजस्व



तीन महिनामा एक खर्ब ३४ अर्ब २५ करोड ९२ लाख राजस्व उठाउने लक्ष्य, एक खर्ब १३ अर्ब आठ करोड ७२ लाख संकलन । मदिरा, बियर र सुर्ती-चुरोटबाट सरकारलाई २२ अर्ब २० करोडको राजस्व, हवाई क्षेत्रको भ्याटबाट सात अर्ब ३७ करोड भ्याट उठ्यो ।

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# दबाबबिच ४३ उद्योगमा काटियो लाइन

### पटकपटक ताकेता गर्दा पनि बक्यौता नतिर्ने उद्योगहरूमा फेरि पनि लाइन नकाट्न प्रधानमन्त्री ओली र ऊर्जामन्त्री खड्काले प्राधिकरणलाई सबैखाले दबाब दिएका थिए, तर कार्यकालको बाँकी साढे नौ महिना माया मारेर कुलमानले आठ अर्ब बक्यौता उठाउन लाइन काटे

● **कुलमान घिसिङ**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण



प्राधिकरण सञ्चालक समितिको निर्णयअनुसार नै थपिएको तीन महिनाको अवधिसम्म पनि बक्यौता बुझाउने प्रक्रियामा नआएपछि आज राति नै ४३ उद्योगमा लाइन काटिएको छ । बिहीबार मात्रै पाँच उद्योगले पहिलो किस्ता बुझाएका छन् । यीसहित तीन महिनाको अवधिमा बक्यौता चुक्ता वा तिर्न सुरु गर्ने १७ उद्योग पुगेका छन् ।

■ बक्यौता नतिर्ने उद्योगीको सोलार र जलविद्युत्का भुक्तानी पनि रोक्ने प्राधिकरणको तयारी

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

चरम लोडसेडिङका वेला ०७२ माघदेखि ०७५ वैशाखसम्म २४सै घण्टा विद्युत् उपभोग गरेर पनि वर्षौंसम्म अर्बौं बक्यौता नबुझाएका उद्योगहरूले थप पाएको तीनमहिने अवधिमा पनि तिर्न अटेरी गरेपछि विद्युत् प्राधिकरणले लाइन काटिदिएको छ । ८ साउनमा निर्णय गरेर तीन महिना समय दिएको प्राधिकरणले बिहीबार अन्तिम दिनसम्म पनि बक्यौता बुझाउन तयार नभएका ४३ उद्योगमा राति नै लाइन काटेको हो ।

तीन महिनाको अवधिमा पनि प्राधिकरणले उद्योगहरूलाई बक्यौता बुझाउन पटक-पटक ताकेता गरेको थियो । तर, प्राधिकरण नेतृत्वमाथि अनावश्यक दबाब दिइरहेको सरकारको साथ पाएका उद्योगीहरूले उक्त ताकेतालाई इन्कार गर्दै आएका थिए । अन्तिम दिन बिहीबार बिहान प्राधिकरण सञ्चालक समितिको बैठकमा समेत

» पृष्ठ ९ मा क्रमशः

■ **मध्यरातिसम्म सबै उद्योगको काटियो लाइन**



**बिहीबार राति भैरहवास्थित घराना फुड्स उद्योगको लाइन काट्दै विद्युत् प्राधिकरणका कर्मचारी । यो उद्योगले एक करोड ८७ लाख ६९ हजार बक्यौता तिर्न बाँकी छ ।**

बिहानको प्राधिकरण सञ्चालक समितिको बैठक विनानिष्कर्ष टुंगियो । त्यसपछि प्राधिकरणले उद्योगीहरूसँग छुट्टै छलफल गर्‍यो । किस्तालाई अझ सहज बनाउने र बिहीबार नै एउटा किस्ता तिरेपछि लाइन नकाट्ने प्राधिकरणको प्रस्ताव थियो । तर, केही उद्योगी बोलेनन्, केही उद्योगीले लाल आयोगको प्रतिवेदनअनुसार मात्रै तिर्ने अडान दोहोर्‍याए । एक-दुई उद्योगीले भने रातिसम्म सल्लाह गरेर मात्रै निर्णय दिने बताएका थिए । त्यसलगत्तै बस्ने तय भएको मन्त्रिपरिषद् बैठकबाट आफ्नो पक्षमा निर्णय आउन सक्ने अपेक्षा उद्योगीहरूको थियो । तर, मन्त्रिपरिषद्ले पनि यस विषयमा कुनै निर्णय गर्न सकेन । यहीबिच पाँच उद्योगले किस्ताबापतको रकम तिरे । रिलायन्स स्पिनिङ मिल्सले १२ कात्तिकसम्म लाइन नकाट्न बिहीबार नै विराटनगर उच्च अदालतबाट अन्तरिम आदेश ल्याएकाले त्यसको पनि लाइन काटिएन । बाँकी ४३ उद्योगको राति ८:३० बजेदेखि प्राधिकरणले लाइन काट्न सुरु गर्‍यो । र, मध्यरातिसम्म बक्यौता नतिर्ने सबै उद्योगको लाइन काटिसकेको छ ।

## ■ सञ्चालक समितिबाट निर्णय गराउन नसकेपछि लाइन नकाट्न कुलमानलाई ऊर्जामन्त्री खड्काको मौखिक चेतावनी



ऊर्जामन्त्री खड्का

सरकार डेडिकेटेड फिडर र ट्रंकलाइनबाट प्रयोग गरेको बिजुलीको प्रिमियम महसुलको बक्यौता नतिर्ने उद्योगीहरूको पक्षमा र प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाटै हटाउने योजनामा छ । तर, हटाउनका लागि ठोस आधार फेला पार्न सकेको छैन । बिहीबार बिहान बसेको प्राधिकरण सञ्चालक समिति बैठकमा अध्यक्षसमेत रहेका ऊर्जामन्त्री दीपक खड्काले बक्यौता नतिर्ने उद्योगीको लाइन नकाट्ने निर्णय गराउन खोजेका थिए । समितिका दुई सदस्य भक्तबहादुर पुन र कपिल आचार्य बैठकमै अनुपस्थित रहे । सदस्यसचिवसमेत रहेका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मन्त्रिपरिषद्, संसद् वा ऊर्जा मन्त्रालयजस्ता माथिल्ला निकायको लिखित निर्देशन वा आग्रह आए मात्रै निर्णय गर्न सकिने अडान राखे । त्यसपछि मन्त्री खड्का हच्किए । बरु कुलमानलाई लाइन नकाट्न मौखिक चेतावनी दिए । 'जे-जस्तो भए पनि उद्योगको लाइन नकाट्नू, लाइन काट्नुभयो भने 'टसल' बढ्छ,' मन्त्री खड्काको भनाइ उद्धृत गर्दै एक सदस्यले भने, 'लाइन काट्नुको सट्टा विकल्प सोच्नू ।' बैठक विनानिष्कर्ष सकियो ।

## ■ ऊर्जामन्त्रीले प्रधानमन्त्रीलाई सुनाए– कुलमानले लाइन काट्दै छन्, के गर्ने होला ?



साँझ बसेको मन्त्रिपरिषद् बैठकमा ऊर्जामन्त्री खड्काले बक्यौता नतिर्ने उद्योगीको लाइन काट्न तयारी गरेको जानकारी गराएका थिए । बैठकमा जानुअघि पनि मन्त्री खड्काले कुलमानसँग छलफल गरेका थिए । जहाँ दुवै पुरानै अडानमा कायम रहे । मन्त्रिपरिषद् बैठकको अन्तिममा मन्त्री खड्काले प्रधानमन्त्री ओलीलाई बिहानको सञ्चालक समिति बैठक र कुलमानसँगको छुट्टै छलफलबारे बताए । 'मन्त्रिपरिषद्बाट लिखित निर्देशन नदिए कुलमानले भोलिसम्ममा सबै उद्योगको लाइन काट्छन्, जे गर्ने हो मन्त्रिपरिषद्बाटै गर्नुपर्‍यो,' स्रोतका अनुसार खड्काले प्रधानमन्त्री ओलीलाई सुनाएका थिए । तर, ओली त्यसमा धेरै बोलेनन् । बरु पछि सल्लाह गरौंला भन्दै बैठकबाट बाहिरिएको एक मन्त्रीले बताए । 'ऊर्जामन्त्रीले लगभग बैठक सकिने वेला यो कुरा उठाउनुभएको थियो । आज उद्योगीलाई दिएको अन्तिम म्याद हो, कुनै निर्णय नभए कुलमानले लाइन काट्छन्, के गर्ने भनेर सोध्नुभएको थियो,' उनले भने, 'प्रधानमन्त्री पछि सल्लाह गरौंला भनेर हिँड्नुभयो ।'

■ राष्ट्रपतिका आर्थिक सल्लाहकार नेपालले बोलीकै आधारमा राजीनामा दिनुपर्‍यो

# जिबीको ठगीमा 'कनेक्सन' देखिएका कानुनी सल्लाहकार कुँवर ढुक्कले पदमै



**नवराज मैनाली**/नयाँ पत्रिका

एक सयको नोटमा चुच्चे नक्सा राख्नु गलत भएको विवादास्पद अभिव्यक्ति दिएपछि राष्ट्रपति रामचन्द्र पौडेलका आर्थिक विज्ञ चिरञ्जीवी नेपालले गत वैशाखमा राजीनामा दिनुपरेको थियो । तर, सहकारी ठगीमा संलग्न गिरोहसँग शंकास्पद सम्बन्ध देखिएका राष्ट्रपतिका

» पृष्ठ ९ मा क्रमशः

■ संसदीय छानबिन समितिका सभापति सूर्य थापा फेसबुकमा लेख्छन्-

### सहकारी ठग जिबीको कानुनी सल्लाहकार रहेको व्यक्ति राष्ट्रपतिको सल्लाहकारमा विराजमान रहनु राष्ट्रकै लज्जा

**छानबिन समितिले भने बाबुराम कुँवरको बयानसमेत लिएको थिएन**



**सूर्य थापा**, सभापति, संसदीय विशेष छानबिन समिति

■ नयाँ पत्रिकालाई थापाको आरोप-
**छानबिन समितिलाई कम महत्त्व दिएको र तथ्य तोडमोड गरी मिसनकारिता गर्‍यो**

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिका सभापति सूर्य थापाले सहकारी ठगीमा संलग्न गिरोहका कानुनी सल्लाहकार रहेका बाबुराम कुँवर राष्ट्रपतिको कानुनी सल्लाहकार हुनु राष्ट्रकै लागि लज्जास्पद भएको बताएका छन् । उनले बिहीबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'सहकारी ठग जिबी राईको कानुनी सल्लाहकार रहेको व्यक्ति सम्माननीय राष्ट्रपतिको सल्लाहकार पंक्तिमा विराजमान देखिनु भनेको राष्ट्रकै निम्ति

» पृष्ठ ९ मा क्रमशः

■ इजलासमा रविको प्रश्न-

# एउटा जाँच, एउटा कक्षामा मान्छेले कतिपटक दिन्छ श्रीमान् ?



रवि लामिछाने

६ दिनदेखि हिरासतमा छु । चार घण्टाभन्दा बढी बयान भएको छैन । प्रश्नहरू दोहोरिएका छन्, तेहेरिएका छन् । मैले श्रीमान्‌लाई पाइलट भन्नु र मलाई सहकारी ठगीको मुद्दा लाग्नु एउटै हो श्रीमान् । सम्मानित संसदीय समितिको त्यो ठुलो प्रतिवेदनको कभरपेज पढ्नुभयो होला कालो कोट लगाउने महाशयले । एकपटक फेरि यही इजलासमा पढेर हेरियोस्, सहकारी ठगीमा मेरो संलग्नता कहाँ, कुन अक्षरमा लेखिएको छ ?

राज्य दम्भ देखाउँछ, बयान लिँदैन, छल्छ । अनि आदेश दिइएको छ, प्रहरीलाई जागिर जाला, सरुवा होला भन्ने डर छ । डर देखाइसकियो, चितवनमा सिडिओ र एसपी फालियो, अब यहाँका त्राहिमाम् हुनुहुन्छ । मलाई आँखाभरि आँसु पारेर 'हामीलाई थाहा छ, तपाईंको केही पनि छैन, तर के गर्नु हजुर आदेश मान्नुपर्छ' भन्नुहुन्छ उहाँहरू नै । मैले यहाँ नबोलेर कहाँ बोल्ने ? चरम अन्याय भइरहेको छ । सुनुवाइ कुन न्यायाधीशकोमा पर्छ र कुन न्यायाधीश कसले नियुक्ति गरेको हो भन्ने आधारमा अदालतलाई प्रभावित पार्ने प्रयास गर्छौं भन्दै हिँड्ने पनि छन् । तर, मलाई तिनमा विश्वास छैन । मलाई श्रीमान्‌माथि विश्वास छ । मलाई म्याद थप हुन्छ, बहस त गर्ने मात्र हो भनिएको छ । तर, मलाई यसमा पनि विश्वास छैन । किनकि, एक्स्ट्रा अर्डिनरी विषयमा एक्स्ट्रा अर्डिनरी कुरा हुन्छ । गलत तथ्यहरू दिइएको छ, गलत कुराहरू भन्दै आइरहेको छ । श्रीमान्, मलाई तर्साइएको छ । सहकारीको सर्भरको कुरा गरिएको छ । नयाँ के तथ्य छ ? अनि, कुनचाहिँ प्रश्न लुकेको छ यहाँ ? सर्भर बरामद भएपछि मसँग लिइएको बयान यहीँ छ । सर्भरमा के भेटियो भन्ने बयान पनि भइसकेको छ ।

श्रीमान्, हिजो राति फोन गरी-गरी बोलाएर, लाइन लगाएर उजुरी दिन आऊ भनेर प्रहरी कार्यालयमा उजुरी गर्ने मान्छे बोलाइएको छ । यो मेरो आक्रोश हो, मैले जे महसुस गरेको छु । आज मैले श्रीमान्‌सँग भन्नुपर्ने हुन्छ, कहाँसम्मको अन्याय गरिएको छ भन्ने कुरा । मेरो पक्षमा कार्यक्रम हुँदाखेरि सहकारी ठगीलाई कारबाही

» पृष्ठ ९ मा क्रमशः

## रवि र छविलाई सात दिन म्याद थप



छविलाल जोशी

■ लामिछानेलाई पक्राउ गर्न रूपन्देही जिल्ला अदालतको पनि अनुमति

■ पोखरामा रास्वपा र सहकारीपीडितको प्रदर्शन

■ पत्रकारलाई अदालत गेटअगाडि समेत निषेध

पोखरामा **रोहितराज पराजुली**

पोखराको सूर्यदर्शन सहकारी ठगी र संगठित अपराध कसुरमा कास्की प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र गोर्खा मिडिया नेटवर्कका तत्कालीन उपाध्यक्ष पूर्वडिआइजी छविलाल बन्जाडे जोशीलाई सात दिन म्याद थपिएको छ । जिल्ला अदालत कास्कीका न्यायाधीश चन्द्रकान्त पौडेलको एकल इजलासले बिहीबार म्याद थपको आदेश दिएको हो ।

उनीहरूलाई २५ दिन म्याद थपको माग गर्दै जिल्ला सरकारी वकिल कार्यालय कास्कीकी न्यायाधिवक्ता कमला काफ्ले, सहायक जिल्ला न्यायाधिवक्ताद्वय विपिनराज तिवारी र शान्तिदेवी शर्मासँगै कानुन व्यवसायीहरू युवराज पराजुली र वेदबहादुर विष्टले बहस गरेका थिए । लामिछानेको तर्फबाट वरिष्ठ अधिवक्ताद्वय हरिप्रसाद सुवेदी र नारायण घिमिरे, अधिवक्ताहरू नारायण कँडेल, पदमराज शर्मा, मधुकुमार चौलागाईं तथा रास्वपा सांसद सोविता गौतमले बहस गरेका थिए । त्यस्तै, जोशीको पक्षबाट अधिवक्ता जगन्नाथ ढकालले बहस गरेका थिए ।

» पृष्ठ ९ मा क्रमशः

■ निर्मला कुर्मी हत्या प्रकरण : ७८ दिनदेखि अधिकारकर्मी आन्दोलनमा

# अनुसन्धान प्रतिवेदन नौ महिनादेखि प्रहरी दराजमा

**टेकराज थामी**/नयाँ पत्रिका

माइतीघर मण्डला सडकपरिसरमा दुई इँटाको आड लिएर एउटा तराजु ७८ दिनदेखि खडा छ । तराजुको पृष्ठभूमिमा निर्मला कुर्मीको न्यायका लागि अनशनरत महिला अधिकार मञ्चकी अध्यक्ष रुबी खानसहितको टोली छ । तराजुका दुवै पाता सन्तुलित नै देखिन्छन्, तर निर्मलालाई न्याय दिलाउने जिम्मेवारी बोकेका राज्यका संयन्त्रको भूमिका भने असन्तुलित देखिन्छ ।

२५ माघ ०७५ को राति अचानक बेपत्ता भएकी बाँकेको नेपालगन्ज उपमहानगरपालिका- १७, परस्पुरकी निर्मला कुर्मीको अपहरणपछि हत्या भएको पुष्टि १४ पुस ०७७ मा भएको थियो । तर, यो विषयमा अनुसन्धान थाल्न नै तीन वर्ष लाग्यो । तीन वर्षमा चार चरणसम्मको कठिन आन्दोलनपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले घटनाको अनुसन्धान गरेर ११ महिनाअघि प्रहरी प्रधान कार्यालयमा प्रतिवेदन पेस गरेको थियो । मुद्दा दर्ता गर्न भन्दै प्रधान कार्यालयले त्यतिवेलै जिल्ला

» पृष्ठ ९ मा क्रमशः



निर्मला कुर्मीको न्यायका लागि बिहीबार माइतीघरमा अनशनरत अधिकारकर्मी । तस्विर : **संजित परियार**/नयाँ

■ निर्मलाको न्यायका लागि आन्दोलनको नेतृत्व गरिरहेकी अभियन्ता रुबी खान भन्छिन्-

### राज्यले किन सुनिरहेको छैन, हामी अचम्ममा परेका छौं



सरकारसँग हाम्रो एउटै माग छ- सिआइबीको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस होस् । तर, सरकारले हालसम्म पनि सुनेको छैन । हामीले कानुन कार्यान्वयन होस् भन्न मात्रै चाहेका हौं । राज्यले किन सुनिरहेको छैन, हामी अचम्ममा परेका छौं । तर, निर्मलालाई न्याय नदिलाएसम्म हाम्रो आन्दोलन जारी रहन्छ ।

# तिहार र छठमा काठमाडौंमा प्लास्टिकका फूलमाला बिक्री निषेध

## यस वर्ष पनि महानगरले स्थानीय फूलमाला बिक्रीस्थान तोक्दै

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले तिहार तथा छठ पर्वलाई मध्यनजर गरी प्लास्टिकका फूलमाला एवं सजावटका सामान बिक्री वितरणमा प्रतिबन्ध लगाएको छ। महानगर क्षेत्रभित्र कसैले प्लास्टिकका फूलमाला, सजावटका सामान बिक्री गरे आर्थिक ऐन ०८१ र काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन ०७७ बमोजिम जरिवाना गर्ने भएको छ।

'हामीले बजेटमै प्लास्टिकजन्य फूलमाला तथा सजावटका सामान उत्पादन र बिक्री-वितरणमा प्रतिबन्ध लगाएका छौं। त्यसैलाई कार्यान्वयनस्वरूप चाडपर्वमा कडाइ गर्न लागेका हौँ। अन्य समयमा भन्दा तिहारमा प्लास्टिकजन्य फूलमाला धेरै बिक्री हुने भएकाले यतिवेला थप कडाइ गर्न लागेका हौँ,' महानगरपालिकाअन्तर्गत वातावरण विभागकी निमित्त विभागीय प्रमुख सरिता राईले भनिन्, 'सार्वजनिक सूचना पनि जारी गर्छौं। उक्त सूचना उल्लंघन गरेमा जरिवाना गर्छौं।' महानगरभित्र प्लास्टिकजन्य फूलमाला बिक्री भए-नभएको अनुगमनसमेत हुनेछ। अनुगमनका क्रममा बिक्री भए सामान जफतसमेत हुनेछ।

महानगरले आर्थिक वर्ष ०८१/०८२ को बजेटमै एकल प्रयोगको प्लास्टिक, प्लास्टिकको फूलगुच्छा उत्पादन, बिक्री वितरण र आयात एवं ४० माइक्रोनभन्दा कमका प्लास्टिकजन्य उत्पादन तथा प्रयोगलाई पूर्ण निषेध गरिने उल्लेख गरेको छ। गतवर्ष पनि महानगरले तिहार तथा छठ पर्वमा घर, पसलहरू सजाउनका निम्ति प्रयोग हुने प्लास्टिकका फूल, माला तथा सजावटका सामान किनबेच नगर्न भनेको थियो। प्लास्टिकजन्य फूलमाला तथा सजावटका सामान लुकिछिपी बिक्री गर्नेको गरेको ठाउँबाट जफतसमेत गरेको थियो।

यसैगरी, महानगरपालिकाले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न स्थानीय फूलमाला बिक्री गर्ने स्थान तोक्ने भएको छ। यसका लागि महानगरले उपयुक्त स्थान खोजिरहेको छ। उपभोक्ता र उत्पादक दुवैलाई पायक पर्ने स्थान खोज्ने काम भइरहेको महानगरले जनाएको छ।



### खाद्य तथा पेयपदार्थ एमआरपीभन्दा बढीमा बेच्न नपाइने

सिनेमा हलभित्र अब सिलबन्दी गरिएका खाद्य तथा पेयपदार्थ अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) भन्दा धेरैमा बेच्न नपाइने भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले विज्ञप्ती जारी गर्दै एमआरपीभन्दा बढी मूल्यमा बिक्री-वितरण गरे कानुनबमोजिम कारबाही हुने चेतावनी दिइएको छ। विभागले यही ५ कात्तिकमा नेपाल चलचित्र संघका पदाधिकारीसँग बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने र उपभोक्ताको हक अधिकार संरक्षण गर्ने विषयमा छलफल गरेको थियो। '...छलफल र अन्तर्क्रियापश्चात् चलचित्र हलको परिसरभित्र प्रशोधित पिउने पानीको बिक्री-वितरण एमआरपी अर्थात् अधिकतम खुद्रा बिक्री मूल्यमा उपलब्ध गराउने सहमति भएबमोजिम अबउप्रान्त कुनै पनि चलचित्र हलको परिसरभित्र कुनै पनि व्यवसायीले सिलबन्दी गरिएका खाद्य तथा पेयपदार्थको प्याकेट वा बोतल उपलब्ध गराउँदा एमआरपीमा तोकिएकै मूल्यमा बिक्री गर्नुहुन अनुरोध गरिन्छ,' विज्ञप्तिमा भनिएको छ।

### मर्यादित भएर चाडपर्व मनाउन प्रशासनको आग्रह

जिल्ला प्रशासन कार्यालय काठमाडौंले मर्यादित भएर व्यवस्थित रूपमा चाडपर्व मनाउन सर्वसाधारणलाई आग्रह गरेको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले बिहीबार सूचना जारी गर्दै चाडपर्वको समयमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला तथा झैझगडा गर्ने, मादक पदार्थ सेवन गरेर सामाजिक जनजीवन, मर्यादा र शान्ति खलल गर्ने काम नगर्न आग्रह गरेका हुन्। जिप्रका काठमाडौंले कानुनविपरीत जुवातास, लंगुरबुर्जा खेल्ने-खेलाउने, भूइँचम्पा, पटाका, आतिसबाजीजस्ता विपत् निम्त्याउने, वातावरण प्रदूषण हुने विस्फोटक तथा प्रज्ज्वलनशील पदार्थको प्रयोग, ओसारपसार, बिक्री-वितरणलगायत कार्य नगर्न-नगराउन पनि अनुरोध गरेको छ। 'कानुनले निषेध गरेका गतिविधि गरे-गराएमा कानुनबमोजिम कारबाही गरिने व्यहोरासमेत सूचित गरिन्छ,' सूचनामा भनिएको छ। तिहार तथा छठलगायत पर्व मर्यादित भएर मनाउन जिप्रका काठमाडौंले सबैलाई आग्रह गरेको छ। सूचनामा उल्लिखित कुराको बर्खिलाप हुने गरी कोही-कसैले कुनै गतिविधि गरेमा प्रहरीलाई खबर गर्नसमेत अनुरोध गरेको छ।

## मेलम्चीको सात करोड लिटर पानी बागमतीमा दैनिक पठाइँदै

**काठमाडौं**/ मेलम्ची नदीबाट काठमाडौंको सुन्दरीजलस्थित प्रशोधन केन्द्रमा आएकोमध्ये प्रशोधन क्षमताभन्दा बढी भएको पानी बागमती नदीमा पठाउन थालिएको छ। अहिले मेलम्ची नदीबाट दैनिक २५ करोड लिटरभन्दा बढी पानी काठमाडौं आइरहेको छ। तर, करिब १८ करोड लिटर पानी मात्रै प्रशोधन गरी वितरण गर्ने गरेको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी प्रमुख रत्न लामिछानेले बताए। उनले भने, 'मेलम्चीबाट दैनिक २५ करोड लिटरभन्दा बढी पानी आइरहेको छ, १८ करोड लिटर पानी प्रशोधन गरी पठाउन थालिएको छ, प्रशोधन क्षमताभन्दा बढी रहेको बाँकी पानी बागमती नदीमा छाडिएको छ।' सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रको क्षमताभन्दा बढी पानी बागमती नदीमा पठाइएका कारण बागमती नदीको बहाव पनि बढ्दै गइरहेको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ। मेलम्चीबाट आएको बढी पानी बागमती नदीमा पठाइएका कारण फोहोर देखिँदै आएको नदी क्रमिक रूपमा सङ्लो हुँदै जान थालेको लामिछानेले बताए।

## कागेश्वरी नगर अस्पतालमा दैनिक १० घण्टा बहिरंग सेवा

**काठमाडौं**/ कागेश्वरी मनोहरा नगरपालिकाअन्तर्गतको कागेश्वरी मनोहरा नगर अस्पतालले दैनिक १० घण्टा बहिरंग सेवा उपलब्ध गराउँदै आएको छ। हरेक दिन बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म बहिरंग सेवामार्फत उपचार गराइरहेको अस्पतालका मेडिकल अधिकृत डा. सन्तोष रम्तेलले बताएका छन्। उनले भने, 'हामीकहाँ बहिरंग (ओपिडी) अन्त जस्तो नर्मल छैन। साँझ ५ बजेसम्म त टिकट काट्छौं। यदि कोही डाक्टर खाली भएमा पौने ६ बजेसम्म टिकट काटेर जाँच गर्छौं।' उनका अनुसार यस अस्पतालमा दैनिक पाँच सयको हाराहारीमा सेवाग्राही आउँछन्।

अर्का डाक्टर निवेश सुवेदीले अस्पताल स्तरोन्नतिको प्रक्रियामा रहेको पनि बताए। सुरुवातमा १५ शय्याबाट सञ्चालन थालिएको यस अस्पताल अब ५० शय्याको बन्ने प्रक्रियामा रहेको उनले बताए। उनका अनुसार यस अस्पतालले स्याटलाइट ओपिडीसमेत सञ्चालन गरेको छ। स्याटलाइट ओपिडी सेवाबाट कागेश्वरी मनोहरा नगरपालिका-१ गागल क्षेत्रका स्थानीय लाभान्वित भएका छन्। अस्पतालले १० घण्टा बहिरंग सेवा दिँदा सेवाग्राहीलाई सहज भएको स्थानीय भीमराज खड्काले बताए।

## कार्यसम्पादनमा जनस्वास्थ्य कार्यालय ललितपुर प्रथम, रसुवा सबैभन्दा कमजोर

**काठमाडौं**/ बागमती प्रदेशभित्रका जिल्ला जनस्वास्थ्य कार्यालयमध्ये ललितपुर प्रथम भएको छ। आर्थिक वर्ष ०८०/०८१ को बागमती प्रदेशस्तरीय स्वास्थ्य कार्यसम्पादन समीक्षाका विभिन्न सूचकका आधारमा जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरले प्रथम स्थान हासिल गरेको हो।

बागमती प्रदेश स्वास्थ्य निर्देशनालयमा सोमबारदेखि आयोजित तीनदिने वार्षिक समीक्षा तथा प्रस्तुतीकरणमा प्रदेश तहका सबै जनस्वास्थ्य कार्यालयले वार्षिक कार्यसम्पादनसम्बन्धी प्रस्तुति दिएका थिए। जसका आधारमा जनस्वास्थ्य कार्यालय ललितपुरले प्रथम स्थान हासिल गरेको निर्देशनालयले प्रदान गरेको प्रशंसापत्रमा उल्लेख छ।

उक्त प्रशंसापत्र वार्षिक समीक्षा गर्न आयोजित कार्यक्रमको अन्तिम दिन बुधबार बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरले जनस्वास्थ्य कार्यालय प्रमुख डा. भुवन पौडेललाई प्रदान गरे। जिल्लाका सबै पालिकाले स्वास्थ्यमा गरेको कार्य प्रगति प्रभावकारी भएका कारण जिल्ला जनस्वास्थ्य कार्यालय प्रथम स्थानमा पर्न सफल भएको जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य प्रमुख डा. पौडेलले जानकारी दिए। उनका अनुसार कार्यसम्पादन तथा स्वास्थ्य क्षेत्रमा गरेको रचनात्मक कार्यका कारण जिल्ला स्वास्थ्य कार्यालयलाई सम्मान गरिएको हो।

बागमती प्रदेश, स्वास्थ्य निर्देशनालयले प्रदेशका सबै स्वास्थ्य कार्यालयलाई डाकेर तीनदिने समीक्षा गरेको थियो। यस्तै, कार्यसम्पादन तथा सूचकहरूका आधारमा दोस्रो हुनेमा जनस्वास्थ्य कार्यालय चितवन, तेस्रोमा मकवानपुर, चौथोमा काभ्रेपलाञ्चोक, पाँचौंमा काठमाडौं, छैटौंमा धादिङ, सातौंमा भक्तपुर, आठौंमा जनस्वास्थ्य कार्यालय सिन्धुलीलगायत जिल्ला छन्। सबैभन्दा कमजोर कार्यसम्पादन रसुवाको देखिएको छ।


### Special Economic Zone Authority

Tripureswor, Kathmandu

(An Undertaking of Government of Nepal)

**Invitation for Bid**

(First date of publication: -25th October, 2024)

Special Economic Zone Authority, Tripureswor, Kathmandu invites only E-bidding as listed below:

| S. N | Contract Identification No: | Name of Contract | Bid Security Amount | Price of Bidding Document |
|---|---|---|---|---|
| 1 | MoICS/SEZA/ WORKS/02-081/82 | Construction and Maintainance of Water Supply works inside Bhairahawa SEZ | NRs. 72,000.00 | NRs. 3000.00 |
| 2 | MoICS/SEZA/ WORKS/03-081/82 | Construction of Infrastructures inside Expansion area of Simara SEZ Block A, Bara. | NRs. 13,66,000.00 | NRs. 5000.00 |

- bids must be submitted *through e-GP system i. ewww.bopatra.gov.np/egp* on or before **12:00 noon** on **26th November, 2024**.
- The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***26th* November, 2024 *13:00*** at the office of *Special Economic Zone Authority, Tripureswor.*

### Chishankhugadhi Rural Municipality
### Office of the Rural Municipal Executive

**Serna, Okhaldhunga**

**Invitation of Bids**

**First Date of Publication: 2081-07-09 (25th Oct, 2024)**

Chishankhugadhi Rural Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the following Works under SQ Procedures. For the further information please visit www.bolpatra.gov.np/egp or contact Chishankhugadhi Rural Municipality, Office of Rural Municipal Executive.

| Contract ID | Description of Work | Estimated Amount (Without VAT) | Bid Security Amount (NRs.) | Bid Document fee NRs. | Last Date of bid Submission |
|---|---|---|---|---|---|
| CRM/SQ/MED/ 04/081/82 | Supply and Delivery of Medicine and Surgical Items. | 21,10,583.33 | 60,000.00 | 1,000.00 | 2081/07/29 B.S. (14th Nov, 2024) 12:00 noon |
| CRM/SQ/MED/ 05/081/82 | Supply and Delivery of Veterinary Medicine and Medical Items. | 6,99,742.70 | 17,000.00 | 1,000.00 | |

**Chief Administrative Officer**

### Sunkoshi Rural Municipality
### Office of Rural Municipal Executive

**Invitation for Bids**

**Date of Notice publication: 25th oct 2024 (2081/07/09)**

1. Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive invites Electronic bids from eligible bidders for the **followings bids**.
2. Eligible Bidders may obtain further information at Office of **Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Mulkharka, Okhaldhunga**, or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidder submit their bid electronically may purchase, download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost **NRs 3,000/-** till **2081/08/10** during office hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher/online voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Machhapuchchhre Bank Limited**
   **Name of Office: Sunkoshi Rural Municipality**
   **Rajaswa (Internal revenue) Shirshak Account name: SUN GA.PA. AANTARIK RAJASWO GA-1.1 a/c no. 0950073610000031**
   **Rajaswa (Internal revenue) Shirshak no.: 14229 Office Code no.: 801011008**
4. Pre-bid meeting shall be held at **Sunkoshi Rural Municipality Office, Okhaldhunga** at **7 AM on 15th Nov 2024 (2081/07/30)**.
5. Electronic bids must be submitted to the office **Sunkoshi Rural Municipality Office, Okhaldhunga** through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Noon** on **25th Nov 2024 (2081/08/10)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 pm** on **25th Nov 2024 (2081/08/10)** at the **Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Okhaldhunga.** Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security amounting to a minimum of which mentioned below shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   Name of the Bank: Machhapuchchhre Bank,Mulkharka Okhaldhunga
   Name of Office: Sunkoshi Rural Municipality
   Dharauti Khata name.: SUNKOSHI GA.PA. DHRAUTI GA-3 A/C no. **0950073610000045**
   Office Code no.: **801011008**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of works**

| S. N | Contract Id No. | Description of Works | Estimated Amount (without VAT & Contingency) | Bid Security Amount NRs. | Bid Fee Amount NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | **01/NCB/RCWORKS/ SRM/081/082** | Phalate Bhanjyangdekhi Molung Dobhan Danda Jerung sadak marmat tatha Starunnati Yojana | **80,30,469.12** | **2,72,000** | **3000.00** | |
| 2 | **02/NCB/RCWORKS/ SRM/081/082** | Solung Kalo Pahara Jholunge Pul-Lopse Turning-Aanpako Dat Bata Kushadevi Ma Bi Hundai Hayakule Aal Paiya Bot Pokhari Danda Chayanam Pokhari Mulkharka Gaunplaika Sadak Starunnati Yojana | **14,586,880.85** | **4,94,000** | **3000.00** | |
| 3 | **03/NCB/RCWORKS/ SRM/081/082** | Sisneri Bhanjyang Dekhi Mathillo Dhadkhola Dule Hundai GA.PA. Samma Sadak Istarunnati Yojana | **53,11,514.86** | **1,80,000.00** | **3,000.00** | |
| 4 | **04/NCB/BCWORKS/ SRM/081/082** | Phalate Bhanjyang Bazar Bebasthapan | **34,22,411.5** | **1,17,000.00** | **3000.00** | |

8. The Employer reserves the right to accept or reject, wholly or partly. The employer reserves the right to accept or reject, wholly or partly any reason, whatever.

**Chief Administrative Officer**

Karnali Province Government
Ministry of Social Development
Education Development Directorate

### Social Development Office, Jajarkot

**Office Code:-3500166016**

**Invitation for Bids**

**Invitation for Bids No: SDO/JKT/W/NCB/01-02/2081/082**

**Date of First Publication: 2081/07/09 (2024/10/25 AD)**

1. Social Development Office, Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction works given in table below under National Competitive Bidding Procedures. Single Stage Single Envelope Bidding Procedures.

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount, NRs with VAT & PS | Bid Security Amount (NRs) | Bid Validity/Bid Security Period/ Bid Document fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | SDO/JKT/W/ NCB/01/2081/082 | Construction of School Building at Shree Bhanubhakta Himalaya Ma.vi. Junichade, 06 Maipa, Jajarkot | 3,896,217.07 | 1,09,000.00 | 90 days/120 days/ NRS 3000.00 |
| 2 | SDO/JKT/W/ NCB/02/2081/082 | Construction of School Building at Shree Shivapuri Ma.vi. Junichade, 05 Garkhakot, Jajarkot | 4,869,327.46 | 1,35,000.00 | 90 days/120 days/ NRS 3000.00 |

2. Information to deposit the cost of bidding Document Fee in bank: **Nepal Bank L.TD jajarkot**
   Name of the Office: **Social Development Office, Jajarkot**
   Office Code No:- **3500166016**
   Office Account No: **27502000001001000001**
   Rajaswa (Revenue) Shirshak No: **14229**
3. Information to Direct deposit the cost of bidding Bid Security Fee in Bank**: Napal Bank L.TD Jajarkot**
   **Name of the Office: Pradesh Lekha Iekai Karyalaya , Jajarkot**
   Account Number: **07502000002003000001 (Dharauti Khata)**
   **Office Code: 3500166016**
4. Electronic bids must be submitted to Social Development Office, Jajarkot through PPMO website www.bolpatra.gov.np/egp On or before **12:00 Noon. On 2081/08/09 (November 24, 2024).**

■ स्काउटमा खेलकुदमन्त्री चौधरीको 'खेल'

# पहिले नियुक्ति, पछि कानुन बनाउँदै



स्काउट सचिव
**शिवराम अर्याल भन्छन्-**
ऐनबमोजिम नै मेरो नियुक्ति भएको हो। यसमा विवाद छैन। ४०-४२ वर्षदेखि स्काउटिङमा लागेको मान्छे हुँ। मेरो अनुभव र कार्यक्षमता हेरेरै मन्त्रीज्यूले नियुक्ति दिनुभएको होला। जिम्मेवारी पाएपछि सक्दिनँ भनेर भाग्नु पनि भएन। नियुक्तिका लागि निवेदन हालेको पनि छैन। नियुक्तिसम्बन्धी व्यवस्थालाई अब ऐनबमोजिम नियमावलीमा राख्नुपर्छ।


नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
मा. तेजु लाल चौधरी
मन्त्री
विषयः सचिव पदमा नियुक्ति गरिएको बारे।
तेजुलाल चौधरी
प्रमुख स्काउट, नेपाल स्काउट
मा. तेजुलाल चौधरी
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय
बोधार्थः
नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय, लैनचौर, काठमाडौं।

**सुवास भट्ट**/नयाँ पत्रिका

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले नेपाल स्काउटमा नियुक्तिको स्पष्ट कानुनी प्रावधानविपरीत चार वर्षका लागि सचिवमा शिवराम अर्याललाई नियुक्ति गरेका छन्। उनले गत २७ साउनमा अर्याललाई स्काउट सचिवका रूपमा नियुक्ति गरेका हुन्। पहिले नियुक्ति गरेपछि अहिले कानुन बनाउन लागिएको छ।

मन्त्रालयको लेटरप्याडमा अर्याललाई सचिव नियुक्ति गरिएकोबारे मन्त्रीद्वारा हस्ताक्षरित पत्रको व्यहोरामा भनिएको छ, 'नेपाल स्काउट ऐन, २०५० को दफा १९ को उपदफा २ बमोजिम तपाईंलाई नेपाल स्काउटको सचिव पदमा नियुक्ति गरिएको छ। प्रमुख आयुक्तको मातहतमा रही प्रचलित कानुनबमोजिम कामकाज गर्नुहोला। तपाईंको कार्यकाल पूर्ण सफलताको कामना गर्दै आर्दिक बधाई ज्ञापन गर्दछु।' पत्रको बोधार्थ नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय, लैनचौर, काठमाडौंलाई गरिएको छ।

अर्याल गत १३ फागुन ०८० मा स्काउटको आयुक्त (कार्यकारी सदस्य) मा नियुक्त भएका थिए। आयुक्तमा निर्वाचित भएको ६ महिनामै उनले पदबाट राजीनामा दिएर सचिवमा नियुक्ति खाएका हुन्। दुई दिनअघि मात्र आयुक्तबाट राजीनामा बुझाएर अर्यालले सचिवको नियुक्ति लिएको देखिएको छ। आयुक्तबाट राजीनामा बुझाएको उनै मन्त्रीबाट दुई दिनपछि अर्यालले सचिवको नियुक्ति लिएका हुन्। स्काउटमा आयुक्त स्वयंसेवी पद हो भने सचिवको नेपाल सरकारको सहसचिवसरहको सेवा-सुविधा हुन्छ।

२५ साउनमा राजीनामा सम्बन्धमा उनले मन्त्रीलाई पठाएको हस्तलिखित पत्रमा उल्लेख गरेका छन्, 'उपरोक्त सम्बन्धमा म शिवराम अर्याललाई नेपाल स्काउटको आयुक्त पदमा मिति २०८०/११/१३ मा नियुक्ति भएकामा आजको मितिबाट उक्त पदबाट राजीनामा दिएको व्यहोरा श्री माननीय मन्त्रीज्यूमा सविनय जानकारी गराउँदछु।' उनले पत्र पठाएको भोलिपल्टै मन्त्री चौधरीले राजीनामा स्वीकृत गरेका थिए। मन्त्रीबाट ठाडो नियुक्ति पाएका अर्याल ऐनबमोजिम नै आफ्नो नियुक्ति भएको दाबी गर्छन्। धेरै उतारचढाव व्यहोरेर राष्ट्रिय परिषद्को निर्वाचन सम्पन्न भएपछि पनि संस्थालाई रिक्त राख्न नहुने भएकाले त्यसैअनुसार निर्णय भएको उनको भनाइ छ। ४०-४२ वर्षदेखि स्काउटिङमा लागेकाले आफ्नो अनुभव र कार्यक्षमता हेरेरै मन्त्रीबाट नियुक्त भएको उनको दाबी छ। 'जिम्मेवारी पाएपछि सक्दिनँ भनेर भाग्नु पनि भएन,' अर्यालले नयाँ पत्रिकासँग भने, 'नियुक्तिका लागि निवेदन हालेको पनि छैन।' नियुक्तिसम्बन्धी व्यवस्थालाई अब ऐनबमोजिम नियमावलीमा राखेर व्यवस्थित गर्नुपर्ने उनले बताए।

### ■ ६५ वर्ष कटेका व्यक्तिलाई कार्यकारी पदमा नियुक्ति

मन्त्री चौधरीले स्काउटको सचिवमा नियुक्ति दिएका अर्याल ६५ वर्ष कटिसकेका छन्। नयाँ पत्रिकालाई प्राप्त तथ्यअनुसार अर्यालको जन्ममिति ०१६ असार देखिन्छ। जसअनुसार उनले नियुक्ति पाउँदा नै ६५ वर्ष उमेर कटिसकेका छन्। उनले यो कुरा नयाँ पत्रिकासँगको कुराकानीमा स्वीकार गरेका छन्।

विभिन्न मन्त्रालयले आफूसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड बनाएका छन्। तिनमा यसरी नियुक्त तथा मनोनयन हुने पदाधिकारी तथा सदस्यको उमेरहद ६५ वर्ष कायम गरिएको छ। संवैधानिक नियुक्तिमा पनि ६५ वर्ष ननाघेकालाई नियुक्ति दिने र उक्त उमेरपछि स्वतः अवकाश हुने व्यवस्था छ। युवा तथा खेलकुद मन्त्रालयले पनि मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्डको मस्यौदा तयार गरेको छ। मन्त्रालयका अधिकारीका अनुसार यो मस्यौदा रायसहमतिका लागि अहिले अर्थ मन्त्रालयमा छ। मापदण्डको मस्यौदामा पनि ६५ वर्ष ननाघ्ने गरी नियुक्ति दिने प्रस्ताव गरिएको छ। अर्यालको नियुक्तिसम्बन्धी मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन छ।

### ■ ऐनले तोकेको पदमा नियमावलीमा व्यवस्थै नगरी मन्त्रीद्वारा ठाडै नियुक्ति

नेपाल स्काउट ऐन, २०५० मा सचिवसम्बन्धी व्यवस्था छ। ऐनको दफा १९ को उपदफा १ मा 'सचिव नेपाल स्काउटको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ' भन्ने व्यवस्था छ। उपदफा २ मा सचिवको नियुक्ति राष्ट्रिय परिषद्का निर्वाचित सदस्यमध्येबाट तोकिएबमोजिम गरिनेछ भन्ने व्यवस्था छ। ऐनले 'तोकिएबमोजिम' भनेकामा त्यसलाई नियमावलीमा व्यवस्था गरेर काम गर्नुपर्ने कानुनी अभ्यास हुन्छ। तर, स्काउटमा सचिव नियुक्तिका हकमा नियमावलीमा कुनै पनि व्यवस्था गरिएन। नेपाल स्काउट नियमावली, २०७७ मा सचिव नियुक्ति सम्बन्धमा कुनै पनि प्रक्रिया वा व्यवस्था छैन। साबिक नियमावलीमा सचिवसम्बन्धी व्यवस्था भए पनि ०७७ को नियमावलीले त्यसलाई कायम राखेन। विश्व स्काउटले सन् २०१५ मा लेखापरीक्षण गर्दा सचिवसम्बन्धी व्यवस्था नराख्न सुझाव दिएको थियो। यही सुझावका आधारमा ०७४ यता स्काउटमा सचिव छैनन्। त्यसको तीन वर्षपछि नयाँ नियमावली जारी गर्दा सचिवसम्बन्धी व्यवस्था नै हटाइयो। स्काउटले तयार गरेको नयाँ स्काउट ऐनको मस्यौदामा विश्व स्काउटको सुझावबमोजिम सचिवको सट्टा प्रमुख कार्यकारी अधिकृत (सिइओ) रहने व्यवस्था प्रस्ताव गरिएको छ।

विद्यमान ऐनले सचिव पद तोके पनि त्यसबमोजिम नियुक्तिको प्रक्रियाको व्यवस्था नभएको, लामो समयदेखि पद रिक्त रहेको, विश्व स्काउटले सचिव नराख्न सुझाव दिएको र नयाँ ऐनको मस्यौदामा पनि सिइओसम्बन्धी व्यवस्था प्रस्ताव गरिएको अवस्थामा मन्त्रीले ठाडो नियुक्ति गरेका हुन्।

नेपाल स्काउट ऐनले मन्त्रीलाई स्काउटमा महत्त्वपूर्ण भूमिका दिएको छ। ऐनको दफा १५ मा शिक्षा तथा खेलकुदमन्त्री वा राज्यमन्त्री नेपाल स्काउटको प्रमुख स्काउट हुने व्यवस्था छ। जसअनुसार हाल युवा तथा खेलकुद मन्त्रालय रहेको अवस्थामा मन्त्रालयका मन्त्री ऐनबमोजिम स्वतः राष्ट्रिय परिषद्को अध्यक्ष रहन्छन्। परिषद्मा स्काउटका प्रमुख आयुक्त उपाध्यक्ष रहन्छन् भने संघीय संसद्का सदस्यमध्ये तीनजना, राष्ट्रिय योजना आयोगका एक सदस्य, राष्ट्र बैंकका गभर्नर, युवा तथा खेलकुद सचिव, महिला तथा बालबालिका मन्त्रालयका सचिवलगायतको प्रतिनिधित्व हुन्छ।

### ■ पहिला मनोमानी नियुक्ति, अब कानुन ल्याउने तयारी

मन्त्रीले मनोमानी रूपमा सचिवको नियुक्ति गरिसकेपछि अब नियमावलीमा सचिवसम्बन्धी व्यवस्था गर्न लागिएको छ। संशोधन गर्न लागिएको नियमावलीको प्रस्तावित व्यवस्थामा सचिव नियुक्तिका लागि राष्ट्रिय परिषद्का निर्वाचित सदस्य सम्मिलित पाँच सदस्यीय समिति गठन गर्ने र त्यसमध्येबाट प्रमुख स्काउटले एकजनालाई सचिव नियुक्ति गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। राष्ट्रिय कार्यकारी समिति र परिषद्मा पेस गर्नुपर्ने प्रस्ताव र प्रतिवेदन तयार गर्ने, तिनका निर्णय र निर्देशन कार्यान्वयन गर्ने, वार्षिक बजेट र कार्यक्रम तयार गरी पेस गर्नेलगायत आर्थिक र प्रशासनीक अधिकारको प्रस्ताव सचिवलाई प्रस्तावित नियमावलीमा गरिएको छ। सचिवलाई नेपाल सरकारको सहसचिवसरहको सेवा-सुविधा हुने व्यवस्था पनि प्रस्तावित छ। नियमावली संशोधनका लागि यही शनिबार राष्ट्रिय परिषद्को बैठक बस्दै छ। सोही बैठकबाट नियमावली पारित गर्ने तयारी छ।

### ■ बक्यौता उठाउनमा मन्त्रीको छैन ध्यान

कर्मचारी नियुक्तिमा हस्तक्षेप र अनावश्यक अग्रसरता देखाएका मन्त्री चौधरी स्काउटकै ठूलो परिमाणमा उठाउन बाँकी रहेको बक्यौताप्रति भने उदासीन छन्। नेपाल स्काउटको जग्गा र संरचना भाडामा लिएर व्यापार गर्दै आएका ऊर्जामन्त्री दीपक खड्काले करिब सात करोड रुपैयाँ बक्यौता तिरेका छैनन्। वर्षौंदेखिको भाडा नपाएको स्काउटले मन्त्री खड्काको कम्पनी खड्का ल्यान्ड डेभलपमेन्ट प्रालिसँग गत असारमा सबैखाले सम्झौता तोडे पनि भाडाको लफडाकै कारण नयाँ ठेक्का प्रक्रिया पनि अगाडि बढाउन सकेको छैन।

■ दमक हत्या प्रकरण

## सिसिटिभीमा देखिएका चेम्जोङविरुद्ध जाहेरी



बिहीबार इलाका प्रहरी कार्यालयअगाडि नाराबाजी गर्दै मृतकका आफन्त।

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिका- ९ का ३७ वर्षीय यमु निरौलाको हत्या प्रकरणमा थप एकजनाविरुद्ध पूरक जाहेरी परेको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार दमक- ८ का नम चेम्जोङविरुद्ध पूरक जाहेरी परेको हो। योसँगै निरौलाको अत्या आरोपमा जाहेरी पर्नेको संख्या सात पुगेको छ। बुधबार परिवारका आफन्तले ६ जनाविरुद्ध जाहेरी दिएका थिए।

बिहीबार नयाँ पत्रिका दैनिकमा हत्या स्थलमा रहेको सिसिटिभीमा देखिएको समाचार प्रकाशनपछि निरौलाको परिवारले चेम्जोङविरुद्ध पूरक जाहेरी दर्ता गरेको हो। चेम्जोङ एमालेको राष्ट्रिय युवा संघका पूर्वकेन्द्रीय सदस्य हुन्। उनी प्रधानमन्त्री केपी ओलीनिकटका हुन्। उनी निर्वाचनमा ओलीलाई सघाउन खटिँदै आएका पात्र हुन्।

निरौलाको मंगलबार दमक- ३ स्थित मावा खोलानजिक रहेको जग्गामा हत्या भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। जग्गा विवादका समयमा भेला भएकाको कुटाइबाट उनको मृत्यु भएको हो। यो जग्गा लामो समयदेखि विवादित थियो। विगतमा क्रसर राखिएको यो जगगामा एउटा पक्षले खरिद गरेको भन्दै एक्स्काभेटर लगेर सम्याउन थालेपछि विवाद भएको स्थानीयले जनाएका छन्।

हत्यामा संलग्न भएको भन्दै परिवारले बुधबार दमक- ८ का बुद्धि थापा, दमक- ३ का राजु भनिने शेरबहादुर नेम्वाङ, संखुवासभा मादी नगरपालिका- १० घर भई दमक- ३ बस्ने गणेश दर्जी, मोरङ उर्लाबारी- ६ का प्रकाश कार्की, उर्लाबारी- ७ का ध्रुव गौतम र सुनसरी इटहरीका डेबिड घलेविरुद्ध जाहेरी दिइएको थियो। किटानी जाहेरीमा परेकामध्ये थापा पनि एमाले कार्यकर्ता हुन्। थापा एमालेबाट निर्वाचित प्रदेश सभा सदस्य होमबहादुर थापाका भाइ हुन्।

प्रहरीले हत्या आरोपित सातजनामध्ये मंगलबार दुईजनालाई पक्राउ गरेको थियो। अन्य पक्राउ नपरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। हत्यामा संलग्नलाई राजनीतिक संरक्षण हुने भन्दै आफन्तले बिहीबार पनि दिनभर इलाका प्रहरी कार्यालय दमक घेराउ गरे। एमाले कार्यकर्ता संलग्न भएको भन्दै उनीहरूले एमाले अध्यक्ष ओलीविरुद्ध नाराबाजी गरेका थिए। राजनीतिक संरक्षणका कारण हत्याको तीन दिनसम्म आरोपितलाई पक्राउ गर्न नसकिएको आफन्तको भनाइ छ। निरौलाको शव परिवारले बुझ्न मानेका छैनन्। उनको शव दमक अस्पताल राखिएको छ। हत्यामा संलग्नलाई राजनीतिक संरक्षण हुन सक्ने भन्दै पक्राउ गरिएपछि मात्र शव बुझ्ने परिवारले अडान लिँदै आएको छ।

## तरुण दलको महाधिवेशनको मितिबारे छलफल

**काठमाडौं**/ कांग्रेसको भ्रातृसंस्था तरुण दलको महाधिवेशन र सांगठनिक गतिविधिबारे छलफल भएको छ। पार्टीका सहमहामन्त्री एवं तरुण दल महाधिवेशन केन्द्रीय निर्देशन समितिका संयोजक महालक्ष्मी उपाध्याय 'डिना'को संयोजकत्वमा बिहीबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकमा तरुण दलको महाधिवेशन र सांगठनिक गतिविधिबारे छलफल भएको हो। समितिको अर्को बैठक १३ कात्तिकमा पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने निर्णय भएको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। बैठकमा पार्टीका केन्द्रीय सदस्य एवं समितिका सदस्यद्वय सरिता प्रसाईं र जितजंग बस्नेत, तरुण दल केन्द्रीय तदर्थ कार्यसमितिका अध्यक्ष विद्वान गुरुङलगायतको उपस्थिति थियो। कांग्रेस सभापति शेरबहादुर देउवाले केही समयअघि तरुण दलसहित नेविसंघ र महिला संघको महाधिवेशन गराउन निर्देशन समिति गठन गरेका थिए।

## बन्दीपुरबाट अवैध काठ बरामद, भरियाहरू फरार

**लहान**/ सिराहाको कर्जन्हा नगरपालिका- १ बन्दीपुर बल्टियाको सामुदायिक वन क्षेत्रबाट सशस्त्र वनरक्षक र कर्मचारीको टोलीले १२ क्युबिक काठ बरामद गरेको छ। डिभिजन वन कार्यालय लहानका प्रमुख शैलेन्द्रकुमार मिश्रका अनुसार काठ तस्करहरूले साल प्रजातिको काठ ल्याउँदै गरेको सूचनाका आधारमा बुधबार राति करिब साढे १० बजेतिर १२ थान फल्याक बरामद भएको हो। बन्दीपुरस्थित सबडिभिजन वन कार्यालयका फरेस्टर जयप्रकाशकुमार साह, जमदार लखन झासहितको वन कर्मचारीको टोलीले काठ बरामद गरेको उनले बताए। वन कर्मचारीसहितको टोलीले पश्चिमतिर पर्ने कमला नदीको बगर र बाँकी तीनतिर सामुदायिक वन क्षेत्रको नाकामा निगरानी गर्ने क्रममा दुई-तीनजनाले काँधमा बोकेर ल्याउँदै गरेको अवस्थामा पक्राउ गर्न खोज्दा अँध्यारोको फाइदा उठाउँदै फरार भएको सबडिभिजन बन्दीपुरले जनाएको छ।

■ स्वास्थ्यमन्त्रीले सार्वजनिक गरे सयदिने उपलब्धि

## स्वास्थ्य बिमाको दायरा पाँच लाख पुऱ्याउने र औषधिको मूल्य घटाउने

**संघीय अस्पतालको सेवा पहिलेभन्दा केही व्यवस्थित भएको छ। आगामी दिनमा पूर्ण सुधार महसुस हुनेछ। हामी सुधार गर्दैछौं। नागरिकलाई महसुस गराएरै छाड्छौं।**




**मञ्जु टेलर**/नयाँ पत्रिका

स्वास्थ्य बिमाको दायरा पाँच लाख रुपैयाँ पुऱ्याउने र औषधिको मूल्य घटाउने प्रतिबद्धतासहित स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सयदिने उपलब्धि सार्वजनिक गरेका छन्। बिहीबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै उनले बिमाको दायरा पाँच लाख रुपैयाँ पुऱ्याउने विषयमा मन्त्रालयका सचिवहरूले बृहत् अध्ययन गरिरहेको र डा. शम्भु आचार्यको संयोजकत्वमा समिति बनेर थप अध्ययन भइरहेको उनले बताए। सबै औषधिको मूल्यसमेत आफ्नै कार्यकालमा घटाउने उनले प्रतिबद्धता जनाए।

मन्त्री पौडेलले आमनागरिकको स्वास्थ्य पहुँच पुग्ने गरी स्वास्थ्य बीमा सुधार आफ्नो मुख्य प्राथमिकता रहेको भन्दै यसलाई सुधार गरेर लैजाने दिशामा प्रगति भइरहेको दावी गरे। उनले हालसम्म भएका सुधारले पनि नागरिकको स्वास्थ्य पहुँचमा फरक पारिसकेको बताए। 'संघीय अस्पतालको सेवा पहिलेभन्दा केही व्यवस्थित भएको छ,' उनले भने, 'आगामी दिनमा पूर्ण सुधार महसुस हुनेछ। हामी सुधार गर्दैछौं। नागरिकलाई महसुस गराएरै छाड्छौं।'

मन्त्री पौडेलले सय दिनमा भएका प्रगति १६ बुँदामा सार्वजनिक गरेका छन्। जसमा स्वास्थ्यकर्मी समायोजनमा रहेको अलमल हटाइएको, स्वास्थ्यका उपकरणको अभिलेखीकरण राख्न सुरु गरिएको, पहिलोपटक विषयगत समितिको बैठक राखेको, जनस्वास्थ्य समितिको क्रियाशीलता, स्वास्थ्य जनशक्ति उत्पादन तथा सीप र दक्षताको उपयोगको प्रयास भएको उल्लेख गरेका छन्। यस्तै, आगामी पुस्ता निरोगी पुस्ताको लक्ष्यअनुरूप विभिन्न कार्यक्रममा सुधार थालिएको, उपचारात्मक सेवा विस्तार र विकासअन्तर्गत सातै प्रदेशमा क्यान्सर रोग उपचार सेवा विस्तार भएको, भक्तपुर क्यान्सर अस्पताल र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा सम्भव नहुने ल्याब परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट गराउने व्यवस्था मिलाइएको उल्लेख गरिएको छ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको स्तरोन्नति गरिएको, हरेक प्रदेशमा कम्तीमा एक अस्पतालबाट मुटुरोग उपचारको सेवा सुरु गर्ने योजनाबमोजिम सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको सहयोगमा मधेश प्रदेश र गण्डकी प्रदेशमा सेवा सुरु भएको, सबै संघीय अस्पतालमा दुई सिफ्ट ओपिडी सेवाको सुरुवात भएको जस्ता प्रगति भएको मन्त्रीले बताए। साथै, संघीय अस्पतालहरूमा टोकन प्रणाली विस्तार भएको, नरदेवी आयुर्वेद चिकित्सालयमा 'सिटी स्क्यान' सेवा सुरु गरिएको, सबै संघीय अस्पतालको रेडियोलोजी विभागबाट जारी हुने प्रतिवेदनलाई 'डिजिटलाइजेसन'को प्रक्रिया सुरु गरिएको र हालसम्म सरकारी अस्पतालमा मात्र न्यूनतम सेवा मापदण्ड लागू भएकोमा निजी अस्पताल तथा मेडिकल कलेजमा समेत न्यूनतम सेवा मापदण्ड लागू भएकोलगायत उपलब्धि सय दिनमा भएको उनले बताए।

मन्त्री पौडेलले देशमा दक्ष चिकित्सक अभाव पूर्ति हुने गरी स्नातकोत्तर तहमा हाल वार्षिक एक सय १३ जना अध्ययन गराइरहेका सरकारी अस्पतालमा चार सय अध्ययन गराउन सक्ने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट भएको निर्णय ऐतिहासिक भएको बताए। सिंहदरबार वैद्यखानाबाट हाल १३ किसिमका आयुर्वेद औषधि उत्पादन भइरहेकामा अब ४० किसिमका औषधिको उत्पादनको तयारी गरिएको पौडेलले बताए।

## शिक्षा क्षेत्रमा भएका सुधार चाँडै देखिन्छ : शिक्षामन्त्री

**शिवहरि घिमिरे**/नयाँ पत्रिका



शिक्षामन्त्री विद्या भट्टराईले सय दिनमा भएका कामबारे ४२ बुँदे प्रगति विवरण सार्वजनिक गरेकी छिन्। बिहीबार मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत उनले यस अवधिमा भएका कामबारे विवरण सार्वजनिक गरेकी हुन्। मन्त्री भट्टराईले तीनवटा समिति बनाएर विद्यालय शिक्षा विधेयकलाई तीव्र गतिमा लैजाने र अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा भएका व्यवस्थामध्ये एउटा व्यवस्था मंसिरभित्रै कार्यान्वयन गर्ने बताइन्। सय दिनको अवधिमा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा राष्ट्रिय प्रारूप स्वीकृत भई कार्यान्वयनमा ल्याउन सकेको, अनिवार्य तथा निःशुल्क शिक्षाको तीनै तहका सरकारको जिम्मेवारीसहितको कार्यान्वयन कार्ययोजना तयार भएको, माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने सरकारको सोचअनुरूप कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाएको लगायत उनले जानकारी गराइन्।

आफू आएपछि विश्वविद्यालयको विधेयकको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पठाइएको उनले बताइन्। 'म आएपछि उच्च शिक्षा विधेयकको मस्यौदा तयार गरी नेपाल कानुन आयोगमा पठाइयो, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विधेयकको मस्यौदा अर्थ मन्त्रालयको सहमतिका लागि पठाइएको छ,' उनले भनिन्। कक्षामा अनुत्तीर्ण विद्यार्थीलाई पुनर्योगका लागि कक्षा सञ्चालन गर्न निर्देशन, सिटिइभिटीका कार्यक्रम अनुगमन, पाठ्यपुस्तक परिमार्जन तयारीलगायत काम भएका छन्। मन्त्रालयका कामकारबाही एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) मा राख्ने, कर्मचारीसँग नियमित बैठक बस्ने, शिक्षक लक्षित बुटक्याम्प सञ्चालन, त्रिविको नतिजा प्रकाशनमा सहयोग, कन्सल्टेन्सीमाथि कडाइ, अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमाथि छलफललगायत अभ्यास भएको छ।

■ राष्ट्रसंघीय शान्ति मिसनका ६६ वर्ष

## अहिलेसम्म एक लाख ७१ हजार नेपाली फौज सहभागी

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघको शान्ति स्थापक मिसनमा नेपाली सेना सहभागी भएको ६६ वर्ष भएको छ। सन् १९५८ मा पर्यवेक्षक पठाएर सहभागी भएको नेपाली सेना अहिलेसम्म चार महादेशका ४१ देशमा ५२ मिसनमा सहभागी भएको छ। हाल विश्वका १४ शान्ति मिसनमध्ये ११ मिसनमा ६ हजार १४१ जना कार्यरत छन्।

सेनाको पाँचवटा इन्फेन्ट्री बटालियन, एउटा मेकानाइज्ड बटालियन, एउटा मेकानाइज्ड कम्पनीसहित चार कम्पनी, तीनवटा स्पेसल फोर्स युनिट, दुईवटा इन्जिनियर युनिट, एउटा सैन्य प्रहरी युनिट र एउटा मेडिकल युनिट कार्यरत छ। सशस्त्र प्रहरीका १९५ जना र नेपाल प्रहरीका २८ जनासमेत जम्मा ६ हजार १४१ जना नेपाली सुरक्षाफौज १४ वटा शान्ति स्थापक मिसनमा कार्यरत छन्।

'हालसम्म नेपालका १ लाख ७१ हजार शान्ति सेनाले संयुक्त राष्ट्रसंघको अगुवाइमा विश्व शान्तिका लागि योगदान पुऱ्याएका छन्,' नेपाली सेनाका प्रवक्ता सहायकरथी गौरवकुमार केसीले भने। दक्षिण सुडानमा मात्रै १७ सय नेपाली फौज कार्यरत छ। हालसम्म शान्ति सेनामा सहभागी हुने क्रममा ८१ जना नेपाली सुरक्षाकर्मीको निधन भएको छ भने ७४ जना घाइते भएका छन्।



■ **केपी ओली**, प्रधानमन्त्री

विश्वका चुनौतीपूर्ण इलाकाहरूमा आफ्ना शान्ति सैनिक तथा पर्यवेक्षकहरू खटाई विश्व शान्तिजस्तो महान् कार्यमा लामो समयदेखि संलग्न हुन पाउनु हाम्रा लागि गर्वको विषय हो।

राष्ट्रसंघको माग भएमा नेपालले १० हजार शान्ति सैनिक परिचालन सक्ने अवस्था छ। 'राष्ट्रसंघबाट माग भएको अवस्थामा हामी १० हजारसम्म शान्ति स्थापक फौज पठाउन सक्ने अवस्थामा छौं। यो नेपाल सरकारले गरेको प्रतिबद्धता हो,' सैनिक प्रवक्ता केसीले भने।

नेपालले सुरुमा ५ जना सैनिक पर्यवेक्षकबाट शान्ति मिसनमा सहभागिता जनाएको थियो। संयुक्त राष्ट्रसंघीय अधिकारीहरूले नेपाली सुरक्षाफौजको सहभागिताका आधारमा नेपाल संयुक्त राष्ट्रसंघको भरपर्दो सदस्य राष्ट्र प्रमाणित भएको बताउँदै आएका छन्।

धेरै सुरक्षाकर्मी पठाउने सूचीमा बंगलादेश दोस्रो र भारत तेस्रो, रुवाण्डा चौथो र पाकिस्तान पाँचौं स्थानमा छ। सबैभन्दा धेरै सुरक्षाकर्मी पठाउने प्रमुख चार मुलुक दक्षिण एसियाली हुन्।

शान्ति सेनामा सबैभन्दा बढी महिला सैनिक पनि नेपालकै छन्। हाल ६ हजार १४१ जना फौज शान्ति सेनामा कार्यरतमध्ये ६२८ जना महिला सुरक्षाकर्मी छन्। राष्ट्रसंघले सन् ०२८ सम्म मिसनमा फौजी महिलाको संख्या १५ प्रतिशत तथा सैन्य पर्यवेक्षक तथा स्टाफ अफिसरको संख्या २५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। नेपाल आवश्यकताअनुसार क्रमिक रूपमा महिला सैनिकको सहभागिता बढाउन प्रयासरत रहेको सेनाले जनाएको छ।

### ■ कुन मिसनमा कति सुरक्षा फौज ?

सेनाका अनुसार हाल परिचालित नेपाली सेनाका जनशक्तिमध्ये संयुक्त राष्ट्रसंघ मुख्यालयमा ८ जना कार्यरत छन्। शान्ति स्थापक मिसनमध्ये कंगोमा ११५० जना, दक्षिण सुडानमा १७५६ जना, लेबनानमा ८७७ जना, सिरिया (गोलान हाइट्स)मा ४४९ जना, सेन्ट्रल अफ्रिकन रिपब्लिक (कार)मा १२४३ जना खटिएका छन्। यसैगरी, इराकमा ८८, लिबियामा २३१, इजरायलमा तीन, यमनमा दुई, अबेई सुडानमा १०७ र वेस्टर्न सहारामा पाँचजना सैनिक पनि कार्यरत छन्। यीमध्ये स्टाफ अफिसर ११९ जना र सैन्य पर्यवेक्षक ३९ जना छन्।

सेनाको १४ शान्ति फौज अप्रेसनमा चालू आर्थिक वर्षका लागि पाँच अर्ब ५९ करोड अमेरिकी डलर बजेट छ। शान्ति फौज, सेवा केन्द्र, मुख्यालयका लागि सहयोगी स्टाफलगायतका लागि यो बजेट खर्च हुने गर्छ। गत वर्ष यो रकम ६ अर्ब १० करोड डलर थियो। यो वर्ष जुलाई १ देखि आगामी वर्ष ३० जुनसम्मको बजेट हो।

### ■ लेबनानमा नेपाली सैनिक सुरक्षित, तत्काल नफर्किने

सैनिक प्रवक्ता केसीका अनुसार लेबनानको दक्षिणी क्षेत्रमा कार्यरत नेपाली शान्ति फौज सुरक्षित छन्। उनीहरूलाई तत्कालै फर्काउने वा अरू ठाउँमा स्थानान्तरण गर्ने योजना नभएको पनि प्रवक्ता केसीले बताए।

'हाम्रा फौज अहिलेसम्म सुरक्षित छन्। अत्यन्तै प्रतिकूल परिस्थितिमा उनीहरूसहित त्यहाँ कार्यरत शान्ति सैनिकलाई कहाँ र कसरी स्थानान्तरण गर्ने भन्ने योजना राष्ट्रसंघ र त्यहाँको मिसन मुख्यालयले बनाएको छ,' केसीले भने, 'समस्या भएको ठाउँमा नै शान्ति मिसन जाने हुनाले हरेक मिसनमा यस्तो योजना बनेको हुन्छ, लेबनानमा पनि आवश्यक पर्दा स्थानान्तरण गर्ने योजना बनेको छ। तर, अहिलेसम्म निर्णय भएको छैन।'

नेपाली शान्ति सैनिकले तह २ र ३ को सुरक्षा अवस्था पालना गरेको छ। 'तह २ भनेको रसद पानी र अन्य प्रयोजनका लागि बंकरबाहिर निस्कने भन्ने हो। तह ३ भनेको बंकरमै बस्ने स्थिति हो। तह ३ मै बस्नुपर्दा पनि १४ दिनसम्म पुग्ने ड्राइफुडको व्यवस्था हुन्छ,' प्रवक्ता केसीले भने।

# कागजमै सीमित नहोस् कृषिमा लगानी दशक

## लगानी दशकको पहिलो वर्षमै अघिल्लो वर्षमा भन्दा एक अर्ब ६९ करोड बजेट घटाइएबाट आगामी दिन कता जाँदै छन्, प्रस्ट भएको छ



● उद्धव अधिकारी

अग्रलेख



गाँस, वास र कपासको अनुपातमा अन्य भौतिक विकास परको विषय हो। केही समय वास र कपास नभए पनि बाँचिएला तर गाँसरहित जीवन असम्भव छ। यतिवेला अस्थिर बजार, प्राकृतिक प्रकोप र जंगली जनावरले लखेट्दै गरेको उत्पादक शक्ति पुस्तौँदेखि गर्दै आएको आफ्नो पेसा छाडेर विकल्पको खोजीमा निस्कने क्रम जारी छ। आत्मनिर्भर उत्पादकहरू नै सामान्य जीविकोपार्जनका लागि आफ्नो थातथलो छाडेर देशविदेश भौँतारिनुपर्ने वर्तमान अवस्थाले हाम्रा नीति निर्माताको औकात छर्लंग पारिरहेको छ। युवालाई रेमिट्यान्स र रेमिट्यान्सलाई भन्सारसँग जोडेर उत्पादकलाई उपभोक्तामा रूपान्तरण गराउने नीतिले देशको भविष्य अन्योलतर्फ उन्मुख भइरहेको छ। राजस्वको लोभमा खेतीयोग्य जमिनको खण्डीकरण र ढुंगा, बालुवाको अधिक दोहनले कृषियोग्य जमिनमा पुर्‍याएको क्षति अपूरणीय छ। यसरी उठाइएको राजस्वले ऋणको किस्ता, सामाजिक सुरक्षा र साधारण खर्चसमेत नधान्ने अवस्थामा अनावश्यक तथा अनुत्पादक संरचना घटाउन तथा उत्पादन र रोजगारमा लगानी बढाउन दल र सरकार तयार नदेखिनु दुःखको विषय हो।

खेतबारीमा प्रत्येक वर्ष १० देखि २० प्रतिशतसम्म विषादीको प्रयोग बढिरहेको छ। प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका अनुसार गएको आर्थिक वर्षमा ११८४ मेट्रिक टन विषादी आयात भएको थियो। चालू आर्थिक वर्षको बजेट वक्तव्यमा रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गर्ने र जैविक विषादीलाई प्रवर्द्धन गर्ने उल्लेख थियो, तर त्यसका निम्ति बजेट र कार्यक्रम भने कतै पाइँदैन। आखिर यसरी कहिलेसम्म ढाँट्ने ? योजनामा कृषि क्रान्ति गर्ने, रोजगार सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने, आयात प्रतिस्थापन गर्नेजस्ता विषय लेखेको पाइन्छ, तर 'कुराले चिउरा भिज्दैन' भन्ने थाहा हुँदाहुँदै पनि पटक-पटक देशलाई धोका दिने काम भइरहेको छ।

कुल गार्हस्थ उत्पादनमा हाल उत्पादनमूलक उद्योगको हिस्सा ५.२ प्रतिशत छ। १६औँ आवधिक योजनाले आगामी ०८६ सम्म उत्पादनमूलक उद्योगको हिस्सा शून्य दशमलव दुई प्रतिशत मात्र बढाउने लक्ष्य राखेको छ। यस्तो कपटले उत्पादन र रोजगार वृद्धिको नारा नारामै मात्र सीमित रहने अवस्था छ। आर्थिक वर्ष ०८१-८२ को कुल १८ खर्ब ६० अर्बको बजेटमा ३.०७ प्रतिशत अर्थात् ५७ अर्ब २९ करोड मात्रै कृषि शीर्षकमा विनियोजन भएको छ। यसैगरी कुल कृषि बजेटको ५२ प्रतिशत अर्थात् २७ अर्ब ९५ करोड बजेट रासायनिक मलमा मात्र विनियोजन गरिएको छ। तर, सरकारका थुप्रै नीति रणनीतिमा उल्लेख गरिएको प्रांगारिक कृषिको प्रवर्द्धनअन्तर्गत जैविक मल उत्पादनमा एक रुपैयाँ पनि विनियोजन गर्न उचित ठानिएको छैन। यद्यपि, योजना र रणनीतिमा हाल माटोमा भएको प्रांगारिक पदार्थ एक दशमलव ९६ बाट बढाएर २ दशमलव ५ देखि ४ प्रतिशतसम्म पुर्‍याउने लक्ष्य भेटिन्छ। लक्ष्य पवित्र छ भने रासायनिक मलमा झन्डै ५३ प्रतिशत बजेट विनियोजन गर्न नहिच्किचाउने सरकार पर्यावरण सन्तुलन, आयात प्रतिस्थापन र आत्मनिर्भरतामा अतुलनीय योगदान दिनसक्ने गोठे/जैविक मलमा लगानी गर्न किन कन्जुस्याइँ गर्दै छ ?

भर्खरै अवधि समाप्त भएको १५औँ आवधिक योजना ०७६-७७/०८०-८१ ले कृषि क्षेत्रमा न्यूनतम बजेट ८.७७ प्रतिशत विनियोजन गर्नुपर्ने दिशानिर्देश गरेको थियो। तर, सो अवधिमा औसतमा २.५ प्रतिशतबाट बजेट उँभो लाग्न सकेन। गत वर्षको तुलनामा आर्थिक वर्ष ०८१-८२ को कुल बजेटमा ६.२ प्रतिशत वृद्धि भएको छ। तर, १६औँ आवधिक योजना कार्यान्वयन र कृषि लगानी दशकको पहिलो वर्षमै गत आर्थिक वर्षमा भन्दा एक अर्ब ६९ करोड बजेट घटाएबाट आगामी दिन कता जाँदै छन्, प्रस्ट देखिइसकेको छ।

एकातिर साधारण खर्च अत्यधिक बढेको छ भने अर्कातिर विकास खर्च खुम्चिँदो छ। आर्थिक सर्वेक्षण ०८०-८१ अनुसार संघीयता कार्यान्वयनको सात वर्षयता सरकारको पुँजीगत खर्च औसतमा १८.२ प्रतिशत नाघ्न सकेको छैन। गएको साउन र भदौमा दुई खर्ब ६३ अर्ब १४ करोड रेमिट्यान्स भित्रिएकामा सोही अवधिमा दुई खर्ब ६२ अर्ब ५४ करोडको सामग्री देशले आयात गरेको तथ्यांक छ। तर, निर्यात भने २५ अर्ब नौ करोडबाट बढ्न सकेको छैन। युवा बेचेर नुनतेल किन्नुपर्ने अवस्थामा पनि उत्पादनतर्फ राज्यसत्ताको ध्यान नजानु विडम्बना हो।

असोज मसान्तसम्म दुई खर्ब ४८ अर्ब २६ करोड राजस्व संकलन भएकामा सोही अवधिमा राज्यकोषबाट तीन खर्ब २९ अर्ब २० करोड खर्च भइसकेको छ, जसमध्ये चालू खर्च मात्रै दुई खर्ब २९ अर्ब ८५ करोड भएको छ। सरकारले लिएको लक्ष्य पूरा गर्न मासिक एक खर्ब १८ अर्ब राजस्व उठाउनुपर्छ। तर, सो लक्ष्य तीन महिनामै एक खर्ब ६ अर्बले पछि परिसकेको अवस्था छ। चालू आर्थिक वर्षको बजेट कार्यान्वयनमा पाँच खर्ब ४८ अर्ब ऋण थप्ने योजनामा रहेको सरकारले ऋण तिर्न तीन खर्ब ६७ अर्ब र ब्याज तिर्न ९१ अर्ब गरी चार खर्ब ५८ अर्ब रकम बजेटमै व्यवस्था गरेको छ।

यसका लागि भदौ मसान्तसम्म एक खर्ब चार अर्ब ऋण उठाइसकेको छ। ५७ खर्ब चार अर्ब कुल गार्हस्थ उत्पादन भएको मुलुकको हालसम्म २५ खर्ब २८ अर्ब ६ करोड अर्थात् ४४.३४ प्रतिशत ऋण पुगिसकेको छ। देशका धेरै सूचक सकारात्मक छैनन्। यसलाई सकारात्मक बनाउने भनेको आन्तरिक उत्पादनले हो। तर, सरकारका योजनामा निर्विकल्प दिगो कृषि उत्पादनका दीर्घकालीन कार्यक्रम समावेश हुनै सक्दैनन्, आखिर किन ?

> ग्रामीण अर्थतन्त्रलाई चलायमान नगराई सहर पसेका मान्छेलाई पुनः गाउँमा फर्काउन सकिन्न। यसको एउटै विकल्प कृषिमा लगानी वृद्धि नै हो। आगामी दशकमा तीनवटै तहले कृषि उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण र औद्योगिकीकरण प्रवर्द्धन गर्ने एकीकृत नीति लिन सकेमा मात्र कृषिमा लगानी दशक सार्थक हुन सक्छ।

केले रोकेको छ कृषिमा लगानी वृद्धि गर्न ? अनि देशलाई ऋणको पासोबाट जोगाउन ? सन् २०२६ मा अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति हुन गइरहेको आयात प्रधान देशले खाद्य सुरक्षाजस्तो प्राथमिक क्षेत्रमा लगानी वृद्धि गर्न किन्तु परन्तु गर्न जरुरी छैन।

पर्याप्त बजेट र जनशक्ति अभावमा अनुसन्धान शिक्षा र प्रसारजस्ता निकाय, साना सिँचाइदेखि राष्ट्रिय गौरवका आयोजना, कृषि विकासका नाममा खडा गरिएका सरकारी परियोजना लथालिंग छन्। सरकारकै संलग्नतामा कृषियोग्य जमिनको घडेरीकरण र उत्पादक जनशक्तिको कृषि पेसाबाट बहिर्गमनको शृंखला जारी छ। जलवायु परिवर्तनका असरले एकपछि अर्को विपत्ति थप्दै लगेको छ। हाम्रो खाना र खेती प्रणालीले कुनै वेलाका हामी 'वीर गोर्खाली' 'रोगी गोर्खाली'मा रूपान्तरण भइरहेका छौँ।

विषादी न्यूनीकरण, प्रांगारिक कृषिको प्रवर्द्धन, रैथाने बिउ संरक्षण र प्रवर्द्धन, कृषि जैविक विविधता संरक्षण, निर्यात प्रवर्द्धन, किसान सूचीकरण, कृषि बजार व्यवस्थापन, खाद्य पोषण र वन्यजन्तु नियन्त्रणजस्ता शीर्षकमा संघीय सरकारले स्थानीय सरकारको मुख ताकेको देखिन्छ। एक अध्ययनअनुसार गएको आर्थिक वर्षमा स्थानीय सरकारले कृषिमा विनियोजन गरेको रकम दुई प्रतिशत पनि पुगेको छैन। जबकि, स्थानीय स्वायत्त शासन ऐन ०५५ अनुसार कृषिक्षेत्रमा १५ प्रतिशत बजेट अनिवार्य विनियोजन गर्नुपर्ने प्रावधान छ, जुन आज एकादेशको कथा सावित भएको छ। एकाधबाहेक स्थानीय सरकारको प्राथमिकतामा कृषि पर्न सकेको छैन। पालिकाले विनियोजन गरेको न्यून बजेटले एग्रोभेटका आयातित सामग्री खरिद गरेर आफूइतरका सीमित मान्छेलाई वितरण गरिरहेका कृषि शाखाका भरमा नेपालको कृषि चलिरहेको वर्तमान सन्दर्भ छ।

दशकौँ लगाएर गाउँमा विकास पुग्यो, तर मान्छेले गाउँ छाडे। देश सञ्चालकका लागि यो ठुलो चिन्ताको विषय हुनुपर्ने हो। ग्रामीण अर्थतन्त्रलाई चलायमान नगराई एकपटक सहर पसेको मान्छेलाई पुनः गाउँमा फर्काउन कठिन हुन्छ। त्यसका लागि एउटै विकल्प भनेको कृषिमा लगानी वृद्धि नै हो। आगामी दशक तीनवटै तहले कृषि उत्पादनको प्रशोधन, भण्डारण, बजारीकरण र औद्योगिकीकरण प्रवर्द्धन गर्ने एकीकृत नीति लिनुपर्छ। जसबाट देशले व्यहोरिरहेका धेरै नकारात्मक सूचक सकारात्मक बन्न थाल्नेछन्। लगानी दशक घोषणा गरेको कृषि मन्त्रालयले मात्रै होइन, यो नेपाल सरकारको घोषणा हो। त्यसैले अन्तर मन्त्रालय, अन्तरतहगत सरकार र अन्तरनिकाय सबैले यस घोषणालाई सार्थक बनाउन लाग्नुपर्छ। दुई ठूला अर्थतन्त्र भएका छिमेकीबिच हुनुको नाताले निर्यातका लागि तुलनात्मक लाभ हुने बालिबाहेक अन्य बाली वस्तुको उत्पादनका साधनदेखि उपभोग्य वस्तुसम्म आत्मनिर्भरताको रणनीति लिन जरुरी छ।

भन्नेले भन्दै गर्छन्, जसोतसो आफ्नो कार्यकाल सक्ने हो भन्ने मानसिकता त्याग्दै देश र जनताको भविष्य निर्धारण गर्ने-गराउने स्थानमा पुगेका सेलेक्टेड र इलेक्टेड दुवैले मानवीय विवेक नगुमाई काम गर्नुपर्ने टड्कारो आवश्यकता छ। यसका लागि संशोधन हुँदै गरेको कृषि नीति, कृषि विकास रणनीति बन्दै गरेको कृषि ऐन, कार्यान्वयनमा जाँदै गरेको खाद्य सम्प्रभुता ऐन, कार्यान्वयनमा गएर पनि अलमलिएको भूउपयोग ऐनलाई दिगो उत्पादनमैत्री बनाइनु जरुरी छ। विशेषतः संविधानका धारा क्रमशः ३६, ३१, ३५ र ३३ ले दिएको खाद्य, शिक्षा, स्वास्थ्य र रोजगारीका अधिकारलाई सम्बोधन गर्न सक्ने महत्त्वपूर्ण क्षेत्र कृषि नै हो। यसलाई फड्के किनारमा राखेर समुन्नत नेपालको परिकल्पना गर्न सकिँदैन। वर्तमान परिवेशमा अपेक्षाकृत राजस्व रकम संकलन हुने सम्भावना कम भएले जनभावना र विभिन्न आयोगका प्रतिवेदनले दिएको सुझाव कार्यान्वयन गर्दै अनावश्यक संरचना तत्काल हटाएर साधारण खर्च घटाई राज्यलाई आर्थिक दुर्घटनाबाट जोगाउन दुईतिहाइको सरकारले खुट्टा कँपाउनु हुँदैन। यसरी व्यवस्थापन गरिएको स्रोतलाई कृषि क्षेत्रले योगदान गरेकै अनुपातमा तीनवटै तहले आगामी नौ वर्ष दिगो कृषि विकासमा केन्द्रित रही बजेट विनियोजन गर्ने चौँडा छातीको खाँचो छ।

*(अधिकारी कृषि अभियन्ता हुन्)*

---

## ३ प्रश्न

नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत **मनोज ज्ञवाली**लाई



**आर्थिक शिथिलताका बिचमा पनि आर्थिक वर्षको पहिलो तीन महिनामा बैंकहरूको नाफा बढ्न कसरी सम्भव भयो ?**

समग्रमा हेर्दा यस आर्थिक वर्षको पहिलो 'क्वार्टर'मा बढेको भनिएको नाफा सबै बैंकको हकमा उत्तिकै उल्लेख्य देखिन्न। कतिपय बैंकको नाफा बढ्नुको साटो घटिरहेको पनि छ। दोस्रो क्वार्टरमा यो नाफाको अवस्था कहाँ पुग्छ, त्यसबाट मात्र अलि प्रस्ट आकलन गर्न सकिएला। अहिले नाफा बढ्यो भने पनि वितरणयोग्य नाफा खासै बढेको छैन। कर्जा लगानी पनि वृद्धि हुन सकेको छैन। उल्लेख्य 'करेक्सन' भयो भने केही होला, नत्र खुसी हुने अवस्था छैन।

**निक्षेपमा ब्याजदर घटेकाले कि लगानी बढेकाले अहिलेको सुधार देखिएको हो ?**

निक्षेपमा ब्याजदर घट्नु र बढ्नुले नाफामा खास फरक पर्दैन। निक्षेप घटेको अवस्थामा पनि स्प्रेड दर ४ प्रतिशतमा सीमित राख्नुपर्ने हुनाले यसबाट बैंकलाई फाइदा हुँदैन। कर्जा प्रवाह र असुलीमा वृद्धि नभई नाफा सम्भव हुँदैन।

**अहिले निष्क्रिय कर्जा किन बढिरहेको होला ?**

निष्क्रिय कर्जा बढिरहेको छ। यो पनि अझै वास्तविक तथ्यांक नदेखाइएको हुन सक्छ। समग्रमा कर्जा असुली राम्रो छैन। सरकारको राजस्वसमेत लक्ष्यअनुरूप उठ्न नसकिरहेको अवस्था छ। राज्यबाट पाउनुपर्ने रकम पाउन नसक्दा व्यवसायीहरू कालो सूचीमा परिरहेको अवस्था छ। यसले 'कन्फिडेन्स' मा कमी आएको छ। व्यापारी, उद्यमीजति सबै खराब, सबै गलत हुन् भन्ने गलत भाष्य बन्दै गएको छ। यसले गर्दा लगानीको वातावरण कमजोर बन्दै छ। सर्वत्र चिन्ता बढेको छ।

---

प्रेरक प्रसंग

## मानवतावादी कवि



नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा आफ्नो उत्कृष्ट कविता, निबन्ध, खण्डकाव्य र महाकाव्यका लागि जति चर्चित छन्, मानव सेवाका लागि पनि उनी उत्तिकै परिचित छन्। देवकोटा अत्यन्तै दयालु स्वभावका थिए। उनी अरूको दुःख पटक्कै देख्न सक्दैनथे। अरूको दुःखलाई आफ्नो भन्दा पनि बढी महत्त्व दिने स्वभावले गर्दा देवकोटा मानवतावादी व्यक्तिका रूपमा समेत प्रतिष्ठित छन्।

देवकोटाबारे एउटा प्रसंग निकै चर्चित छ। यो देवकोटाबारे कथिएको सामान्य कथा नै भए पनि यसले हामी सबैलाई महत्त्वपूर्ण सन्देश पनि पक्कै दिन्छ। एकपटक महाकवि देवकोटा कार्यालयबाट घर फर्किँदै थिए। सोही दिन उनले तलब पनि थापेका थिए। उनी मनमनै सो तलब कसरी खर्च गर्ने, केकस्ता अत्यन्त जरुरी काम सम्पन्न गर्ने, ककसको ऋण तिर्ने, कुन-कुन छोराछोरीको शुल्क तिर्नेजस्तो योजना गम्दै हिँडिरहेका थिए। उनले बाटामा उनीतिरै हात पसारेर मागिरहेका एक भिखारी देखे। उनले यसो कोटको खल्तीमा हात घुसारे। त्यहाँबाट निकालेर केही रकम ती दीनहीन भिखारीको हातमा राखिदिए। भिखारीले उनलाई आशीर्वाद दियो। देवकोटा एउटा दुःखीलाई सहयोग गर्न पाएकोमा दंग पर्दै अघि बढे। अलि पर नपुग्दै उनले अर्को भिखारीलाई त्यसैगरी हात थापिरहेका देखे। उनले ती भिखारीलाई पनि निराश पारेनन्। केही रकम हातमा राखिदिए। यसै गरी जाँदाजाँदै घर नपुग्दै उनले तलबमा थापेको रकम सबै सकियो। तैपनि बाटामा भिख माग्ने मानिसहरू भेटिइरहेका थिए।

आफूसित भएको रकम सकिएर तिनलाई सहयोग गर्न नपाएकोमा देवकोटा खिन्न हुँदै अघि बढ्दै थिए। अचानक बाटामा जाडोले थुरथुर काम्दै गरेका एक भिखारीलाई उनले परैबाट देखे। तिनको शरीरमा लुगाको नाममा सामान्य धरोसम्म थिए। एउटा सानो लगौँटीले उनी मुस्किलले आफ्नो लाज ढाक्ने असफल प्रयत्नसम्म गरिरहेका थिए। तिनको दुःख देख्दा देवकोटाका आँखा रसाए। उनले आफूले लगाइरहेको कस्मिराको कोट फुकालेर कामिरहेका तिनै भिखारीलाई लगाइदिए र आफूचाहिँ मन्द मुस्कानसाथ काखीमुनि दुवै हात घुसारेर हिउँदे चिसोको अनुभव गर्दै घरतिर लागे।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## गृहमन्त्री लेखकलाई प्रश्न

रमेश लेखक कांग्रेसका सीमित असल नेतामध्ये एक मानिन्छन्। उनी गृहमन्त्री बन्दै गर्दा हामीले खुसी मनाएका थियौँ। उनले भ्रष्टाचारीलाई पाता कस्लान्, गृह प्रशासनमा सुशासन बहाली गराउलान्। नेपाल प्रहरीलाई चुस्त बनाउलान्। अनुसन्धान अघि बढिसकेका फाइललाई गति देलान्। यस्तै-यस्तै अपेक्षा थिए, हामी आमजनताको। तर, उनले आफू नेपाली जनताका होइन, पार्टी सभापति शेरबहादुर देउवाका सेवक र आज्ञापालक भएको प्रमाणित गरेका छन्। रमेश लेखकज्यू, के तपाईं पार्टी सभापतिलाई खुसी पार्नकै लागि मात्र गृहमन्त्री बन्नुभएको हो ?

● **सुमित्रा पासवान**, गैरीधारा, काठमाडौं

## नेतृत्वको ध्यान जाओस्

राजनीतिक दलको नेतृत्व तहमा रहेका वा नरहेकाले आआफ्नो छवि जोगाउन सकेनन् भने तिनले समाजमा सम्झनालायक जीवन बाँच्न सक्दैनन्। नेता यस्तो व्यक्ति हुनुपर्छ, जसमा आफ्नो दायित्व र भूमिकाको राम्रो ज्ञान होस्। नेताले आफ्नो व्यक्तित्वमा आलपिनको टुप्पोबराबरको दागसम्म लाग्न दिनुहुन्न भन्ने पवित्र विचारका साथ देश र जनताको समृद्धि र विकासका लागि काम गरेर परिणाम देखाउन सक्ने नेता नै जनतामाझ लोकप्रिय बन्न सक्छ। यसतर्फ राजनीतिक दलका नेतृत्वको अविलम्ब ध्यान जाओस्।

● **बलराम थापा**
क्षेत्रपाटी, काठमाडौं

## कडा कारबाही गर सरकार !

राष्ट्रपति रामचन्द्र पौडेलका कानुनी सल्लाहकार बाबुराम कुँवर सहकारी ठगीका मुख्य आरोपी जीबी राईका कानुनी सल्लाहकार रहेको अवधिमा कम्पनीमा ठुलो रकम गैरकानुनी रूपमा अपचलन भएका तथ्य सार्वजनिक भइरहेका छन्। यस घटनाले राष्ट्रपतिका कानुनी सल्लाहकारका रूपमा कुँवरको नैतिकता र जवाफदेहिताबारे गम्भीर प्रश्न उठाएको छ। तथ्यले देखाएको दोषीलाई पक्राउ गर्ने इच्छाशक्ति सरकारसँग छैन भने जनताले कस्तो विश्वास गर्ने ? यस घटनामा संलग्न व्यक्तिलाई कडा कारबाही गरेर सरकारले आफ्नो कर्तव्यलाई सही ढंगले निभाउनुपर्छ।

● **पुरुषोत्तम नेपाल**
सिन्धुपाल्चोक

## खेर गएका सय दिन

दुई ठुला दल मिलेर सरकार बनाउँदा जनताले ठुल्ठुला अपेक्षा गरेका थिए। दुई ठुला दल मिलेर बनेको शक्तिशाली सरकारले देशमा समृद्धिको ढोका खोल्ने, विकास निर्माणले गति पाउने, आर्थिक शिथिलता अन्त्य हुने, महँगी नियन्त्रण हुने, सुशासन कायम हुने, सेवा प्रवाहमा चुस्तता आउने, भ्रष्टाचार नियन्त्रण हुने, सहकारीपीडितको बचत फिर्ता हुनेलगायत अनेकौँ अपेक्षा सर्वसाधारणमा थियो, यो सरकारबाट।

तर, केपी ओली र शेरबहादुर देउवाजस्ता भिजनविहीन नेताको नेतृत्व र छत्रछायामा रहेको यो सरकारबाट जनताको अपेक्षाअनुसारका कुनै पनि काम भएनन्। भ्रष्टाचार चुलीमा पुग्यो। भ्रष्टाचारी संरक्षित भए। भ्रष्टाचारविरुद्धका कुनै पनि फाइल अघि बढेन। सहकारी प्रकरणमा प्रतिशोध राखेर काम गरिँदै छ। रवि लामिछाने पक्राउ परे, ठिक भयो। तर, के कांग्रेस उपसभापति धनराज गुरुङ र एमाले सांसद ऋषिकेश पोखरेलकी पत्नीलगायतका व्यक्ति सम्मिलित काण्डबारे चाहिँ छानबिन या अनुसन्धानसम्म पनि गर्नुपर्दैन ?

यो सरकारको पालामा महँगी चरम रूपमा बढेको छ। पुँजीगत खर्च अत्यन्त न्यून छ। राजस्वले सामान्य खर्च नधानेर तीन महिनाको अवधिमा झन्डै एक खर्बभन्दा बढी सार्वजनिक ऋण थपिएको छ। सुशासन र सेवा प्रवाहमा अकल्पनीय ढिलासुस्ती भइरहेको छ। दुई वर्षअघि ट्रायलसमेत उत्तीर्ण भएका चालकले अझै अनुमतिपत्रको खोस्टो हात पार्न सकेका छैनन्। सरकार अर्बौंको बक्यौता विद्युत् महसुल तिर्न आलटाल गर्ने ठुला उद्योगी व्यापारीको पक्षमा लागेर प्राधिकरणमाथि अनावश्यक हस्तक्षेप गरिरहेको छ। यस्तो पाराले त यो सरकारका सय दिन पूरापूर खेर गएनन् र ?

● **आयुषिका काफ्ले**, स्युचाटार, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# 'स्विङ' राज्यमा निर्भर अमेरिकी राष्ट्रपतीय निर्वाचन

## अमेरिकी राष्ट्रपतीय चुनावमा विभिन्न कारक, विशेषतः इलेक्टोरल कलेज प्रभावित भएको अवस्थाले कडा प्रतिस्पर्धाको संकेत गर्छ



देश/विदेश


● आशुतोष भारस्ने

५ नोभेम्बरमा अमेरिकामा राष्ट्रपति निर्वाचन हुँदै छ। कमला ह्यारिस र डोनाल्ड ट्रम्पबिच कडा प्रतिस्पर्धा हुने देखिन्छ। नतिजा कसको पक्षमा जान्छ, भनिहाल्ने अवस्था छैन। विभिन्न कारक विशेषतः इलेक्टोरल कलेज प्रभावित भएको अवस्थाले कडा प्रतिस्पर्धाको संकेत गर्छ। स्यामुएल हन्टिङटनले एकपटक अमेरिकालाई 'ट्युडर पोलिटी' भनेर वर्णन गरेका थिए। ट्युडर पोलिटी एक यस्तो राजनीतिक व्यवस्था हो, जहाँ चरम विकेन्द्रीकरण र राष्ट्रिय एकरूपताको कमीलाई जोड दिइन्छ। र, अमेरिकामा असमान शक्ति विनियोजित छ। केन्द्रीय निर्वाचन आयोगले चुनावको निरीक्षण गर्ने भारतको ठिकविपरीत अमेरिकाले राज्यलाई महत्त्वपूर्ण शक्ति प्रदान गर्छ र यसमा चुनावी नियममा हुने नियन्त्रण पनि समावेश छ। यो इलेक्टोरल कलेजमा सबैभन्दा बढी स्पष्ट हुन्छ र यो एक अद्वितीय प्रणाली हो, जसले सम्भावित रूपमा लोकप्रिय मतलाई अवमूल्यन पनि गर्न सक्छ।

अमेरिकामा २४ करोड ५० लाख योग्य मतदाताका साथ करिब ३३ करोड ५० लाख मानिस छन्। मतदाता सहभागिता सन् २०२० मा झैँ ६६ देखि ६७ प्रतिशत पुग्यो भने करिब १६ करोडदेखि १६ करोड ५० लाख मत खस्नेछ। यसो भएमा अमेरिकी चुनाव भारत र इन्डोनेसियापछिको तेस्रो ठुलो चुनाव बन्नेछ। जातिका आधारमा सबैभन्दा ठुलो मतदान समूहमा श्वेत (६७ प्रतिशत), ल्याटिन (१३ प्रतिशत), अश्वेत (१२ प्रतिशत) र पाँच प्रतिशत एसियाली छन्। सन् २०२० मा अल्पसंख्यकले धेरै हदसम्म डेमोक्र्याट उम्मेदवारलाई समर्थन गरेका थिए, अर्थात् ६५-८७ प्रतिशत अल्पसंख्यकले डेमोक्र्याटलाई मतदान गरेका थिए। अहिले अल्पसंख्यक समूहमा डेमोक्रेटिक उम्मेदवारप्रतिको समर्थनमा गिरावट भएको देखिन्छ भने रिपब्लिकन उम्मेदवारप्रति समर्थन यथावत् छ।

विशेषगरी राष्ट्रपति ओबामाले अश्वेत मतदातालाई लैंगिक पूर्वाग्रहबाट बच्न आग्रह गरेपछि अश्वेत पुरुष परिवर्तन हुन सक्ने देखिन्छ। तथापि अश्वेत महिलाका तुलनामा सातदेखि आठ प्रतिशत कम अश्वेत पुरुषले ह्यारिसलाई मतदान गर्ने बताएका छन्। लामो समयदेखि डेमोक्र्याटिक चुनावी रणनीतिकार रहेका जेम्स कारभिलका अनुसार केही अश्वेत पुरुषले पार्टीमा अत्यधिक नारीकरण भएको महसुस गरेर महिला राष्ट्रपतिको प्रतिरोध गर्छन्। यो अनिच्छा अश्वेत पुरुषबाहिर पनि विस्तार हुन सक्छ। किनभने, अमेरिकामा सधैँ पुरुष राष्ट्रपति भएका छन्।

प्यु रिसर्च सेन्टरका अनुसार रिपब्लिकन मतदातामा ७९ प्रतिशत श्वेत छन्। यसकारण श्वेत रिपब्लिकन पार्टीको सबैभन्दा ठुलो मतदाता समूहमा पर्छन्। सन् २०२१ मा २८ प्रतिशत अश्वेत, २१ प्रतिशत ल्याटिन र ६१ प्रतिशत एसियाली जनसंख्याको तुलनामा ४२ प्रतिशत श्वेत अमेरिकीले स्नातक उत्तीर्ण गरेका थिए। ट्रम्पका श्वेत समर्थकमध्ये झन्डै दुईतिहाइ गैर-कलेज-शिक्षित छन्। गैरश्वेत समुदायमा शिक्षामा आधारित वर्ग विभाजनमा कम ध्रुवीकरण देखिन्छ। ट्रम्पले गैर-अश्वेत गैर-कलेज-शिक्षित मतको मात्र ३१ देखि ३२ प्रतिशत प्राप्त गर्ने अपेक्षा गरिएको छ। यो समूहको लगभग दुईतिहाइ मतले ह्यारिसलाई समर्थन गर्छ। समग्रमा अधिकांश कलेज-शिक्षित श्वेतले डेमोक्र्याटलाई र गैर-कलेज-शिक्षित श्वेतले रिपब्लिकनलाई मत दिनेछन्। गैर-श्वेत समुदायमा वर्गभन्दा जाति र जातीयता प्रधान देखिन्छ। राष्ट्रिय मतमा ह्यारिस



*तस्बिर : विन म्याकनेमी/गेटी इमेजेस*

अग्रस्थानमा रहे पनि इलेक्टोरल कलेजले नतिजा तय गर्नेछ। अर्थात्, लोकप्रिय मत पाउने तर राष्ट्रपति पद गुमाउने अवस्था आउन सक्छ, अर्थात् सन् २००० र २०१६ को नतिजा पुनरावृत्त पनि हुन सक्छ।

इलेक्टोरल कलेजमा पाँच सय ३८ मत छन्। जहाँ सदनका लागि चार सय ३५, सिनेटका लागि सय र वासिंगटन डिसीका लागि तीन मत तोकिएको छ। यो मत विभाजन पूर्ण रूपमा लोकप्रिय मतमा आधारित छैन, किनभने सिनेटले प्रत्येक राज्यलाई जनसंख्याको पर्वाह नगरी दुई मत दिएको छ, अर्थात् सानो-राज्यबाट सिर्जित पूर्वाग्रह सतहमा आउँछ। राष्ट्रपति पद जित्न उम्मेदवारलाई दुई सय ७० इलेक्टोरल मत आवश्यक हुन्छ। क्यालिफोर्निया र न्युयोर्कजस्ता केही राज्यले डेमोक्रेटिकलाई विश्वसनीय रूपमा मतदान गर्छन्, जबकि टेक्सास र फ्लोरिडामा दृढ रूपमा रिपब्लिकन मतदाता छन्। हाल ह्यारिससँग दुई सय २६ र ट्रम्पसँग दुई सय १९ मत छन्। बाँकी मत निर्वाचन प्रतिस्पर्धा वा तीव्र रूपमा मतदाता परिवर्तन हुने 'स्विङ' राज्यबाट आउनेछन्। हाल अमेरिकामा सात स्विङ राज्य अर्थात् पेन्सिलभेनियामा १९, जर्जियामा १६, नर्थ क्यारोलिनामा १६, मिसिगनमा १५, एरिजोनामा ११, विस्कन्सिनमा १० र नेभाडा ६ मत छन्।

यी मत कसका पक्षमा जान्छन्, त्यो अनिश्चित छ, किनभने यी क्षेत्रमा मतमा तीव्र परिवर्तन हुन सक्छन् र यी राज्यमा हुने चुनावी अभियानमा अत्यधिक प्रयास हुन्छन्। ह्यारिस र ट्रम्प सधैँ त्यहाँ प्रचार गरिरहेका देखिन्छन्, जबकि म्यासाचुसेट्समा जहाँ तीन दशकभन्दा बढी समय सधैँ डेमोक्रेटिक कब्जा रहन्छ, जहाँ मैले केवल एक मात्र उम्मेदवार बाराक ओबामाको सन् २०१२ को चुनावी अभियान देखेको छु। र, चुनावको परिणाम लिंग, जाति, वर्ग र भूगोलको जटिल अन्तर्क्रियामा पनि निर्भर हुनेछ। अर्थात्, नतिजा अमेरिका अश्वेत महिला राष्ट्रपतिका लागि तयार छ वा श्वेत सर्वोच्चता ट्रम्पसँगै पुनरुत्थान हुनेछ ? र, के अमेरिका विश्वव्यापी रूपमा संलग्न रहनेछ, वा ट्रम्पको भन्सार वृद्धि, आप्रवासन कटौती र अलगाववादतर्फ जानेछ ? भन्ने प्रश्नको उत्तरमा भर पर्छ।


*(भारस्ने ब्राउन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय अध्ययन एवं सामाजिक विज्ञान अध्ययनका सोल गोल्डम्यान प्राध्यापक हुन्)*

*द इन्डियन एक्सप्रेसबाट*

# सिंगापुरका संस्थापकका छोराले असुरक्षाका कारण लिए बेलायतमा शरण

**लन्डन**/ आधुनिक सिंगापुरका संस्थापक नेता ली क्वान यूका कान्छा छोरा ली सिएन याङले मंगलबार बेलायतको 'राजनीतिक शरण' लिएको बताएका छन् । याङले सिंगापुर सरकारले आफू, आफ्ना पत्नी र छोरालाई सताइरहेको आरोप लगाए । मंगलबार एक फेसबुक पोस्ट गर्दै उनले सुरक्षाको अन्तिम उपायको रूपमा सन् २०२२ मा आफूले बेलायतसँग राजनीतिक शरण मागेको र अहिले आएर 'राजनीतिक शरणार्थी'को हैसियत पाएको बताएका छन् ।

'सिंगापुर सरकारले मविरुद्ध गरेको आक्रमण सार्वजनिक रेकर्डमा छ । उनीहरूले मेरो छोरालाई कारबाही गरे । मेरी श्रीमतीविरुद्ध अनुशासनात्मक कारबाही अघि बढाए । र, वर्षौंदेखि मेरो परिवारविरुद्ध नक्कली प्रहरी अनुसन्धान चलाइरहेका छन्,' याङले फोसबुक पोस्टमा लेखेका छन्, 'यी तथ्यका आधारमा बेलायतले म सिंगापुर फर्किए कारबाहीको जोखिममा रहेको ठहर गर्दै सुरक्षित रूपमा सिंगापुर फर्कन नसक्ने निर्णय गरेको छ । म अहिले पनि सिंगापुरको नागरिक नै हुँ र आशा गर्छु कि कुनै दिन आफ्नो देश फर्कन सुरक्षित हुनेछु ।'



मंगलबार ब्रिटिस पत्रिका गार्जियनले ली सिएन याङसँगको अन्तर्वार्ता प्रकाशित गरेको थियो, जसमा उनले सिंगापुर सरकारको कडा आलोचना गरेका छन् । अन्तर्वार्तामा उनले सिंगापुरले कालो धानलाई सेतो बनाउने कामलाई सहजीकरण गरेको आरोपसम्म लगाएका थिए । 'सिंगापुरको साहसी, झुटो दाबीभन्दा केही पर हेर्नुभयो भने वास्तविकता कस्तो छ देखिन्छ । हतियारको व्यापारको प्रमुख सहजकर्ताको भूमिका हेर्न, कालो धनमाथि नजर लगाउन, ड्रगबाट आएको धनमाथि नजर लगाउन, क्रिप्टो पैसा हेर्न विश्वले सिंगापुरमाथि नजिकबाट नजर लगाउन आवश्यक छ ।'

सिंगापुर सरकारले गार्जियनको अन्तर्वार्तामा लुङले लगाएको आरोपको प्रतिवादमा एक विज्ञप्ति जारी गरेको छ । 'सिंगापुरमा कोही पनि कानुनभन्दा माथि छैन । संस्थापक प्रधानमन्त्री ली क्वान यूका सन्तान हुन् वा अरू कोही, सबैविरुद्ध छानबिन हुन्छ र तिनले अदालतमा उपस्थिति हुनुपर्छ,' सिंगापुर ससरकारको विज्ञप्तिमा भनिएको छ ।

ली सिएन याङ र यसै महिनाको सुरुमा बितेकी उनकी बहिनी ली वेई लिंगले जेठा दाइ ली सियन लुङले सन् २०१५ मा दिवंगत भएका उनीहरूको पिताको अन्तिम इच्छाअनुसार परिवारको पुर्ख्यौली घर भत्काउन संघर्ष गर्दै आएका छन् । सन् २०१७ देखि यो विवाद सार्वजनिक रूपमा चर्किएको छ । विवादका अर्को हिस्सा याङका दाइ लुङ सिंगापुरका पूर्वप्रधानमन्त्री हुन् । तीन दशकभन्दा बढी समय कठोर शासन गरेका ली क्वान यूका जेठा छोरा ली सिएन लुङले दुई दशकसम्म देशको प्रधानमन्त्री रहेर गत मेमा राजीनामा दिएका थिए । उनले आफ्ना लामो समयदेखिका लरेन्स वोङलाई शक्ति हस्तान्तरण गरेका छन् । तथापि, उनी अझै वरिष्ठ मन्त्रीको रूपमा क्याबिनेट पदमा छन् ।

## हसिना 'लुट्यन्स बंगला जोन'मा रहेको दाबी

**नयाँदिल्ली**/ भारतमा शरण लिइरहेकी बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिना भारतको नयाँदिल्लीस्थित केन्द्रीय मन्त्री, शीर्ष सांसदहरू बासोवास गर्ने आवास क्षेत्र 'लुट्यन्स बंगला जोन'मा बसिरहेको भारतीय अनलाइन पोर्टल 'द प्रिन्ट'ले लेखेको छ ।

## इतिहासमा आज
अक्टोबर २५



**सन् १९४५** : जापानले पचास वर्षदेखि शासन गरिरहेको टापु ताइवानलाई चियाङ काइ-सेक नेतृत्वको चीनलाई फिर्ता गर्‍यो ।

**सन् १९००** : बेलायतले पहिलेको बोआर दक्षिण अफ्रिकी गणतन्त्रलाई कब्जा गरेर यसलाई 'ट्रान्सभाल कोलोनी' पुनः नामकरण गर्‍यो ।

**सन् १९४०** : बेन्जामिन ओ डिभिस, सिनियर अमेरिकी सेनाका पहिलो अफ्रिकी अमेरिकी जनरल बने ।

**सन् १९५५** : मित्रशक्तिको अन्तिम फौज फर्किएपछि अस्ट्रियाले सार्वभौमसत्ता फिर्ता पायो ।

**सन् १९६०** : क्युबामा क्यास्ट्रो नेतृत्वमा क्रान्ति सम्पन्न भएपछि देशभित्रका सबै अमेरिकी व्यवसायलाई राष्ट्रियकरण गर्‍यो ।

**सन् १९७१** : संयुक्त राष्ट्र संघको महासभाले जनवादी गणतन्त्र चीनलाई सदस्यका रूपमा स्वीकार गर्ने निर्णय गर्‍यो । यस निर्णयसँगै चीनको नाममा संघमा प्रतिनिधित्व गर्दै आएको ताइबानको सदस्यता निलम्बित भयो ।

**सन् २०१८** : क्रिस्टी नामक सस्थाले गरेको लिलामीमा एआईले बनाएको पहिलो कलाकृति 'एड्मोन्ड डे बेलामी' चार लाख ३२ हजार पाँच सय डलरमा बिक्री भयो ।


### Request for Proposals
**First Published Date: 25/10/2024**

Nabil Bank Ltd. invites sealed proposal from interested firms/companies for **Email Sanitization.**

RFP documents with detailed Scope of works, Terms & Conditions can be received from the **Administration Department, 4th floor, Ghantaghar building,** Kathmandu, Nepal upon submission of a written request letter in the official letter head of the interested firm/vendor.

The hard copy of RFP/Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, Administration Department, Ghantaghar Building 4th Floor, Kathmandu, Nepal, not later than **4:00 PM,8th November,2024 (Kartik 23, 2081).** RFP documents received after this deadline will not be accepted.

1. The received proposal shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11.30. a.m.** on **10th November, 2024 (Kartik 25, 2081).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the proposal.
2. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for proposal opening date as well.
3. The Bank reserves the ultimate rights to accept/ reject any proposal and shall not be required to disclose any reason whatsœver and will not be compelled to accept the lowest proposal.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871



एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९९७७/७८/८८, फ्याक्स: +९७७-१-५९९९९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८ मा SMS पठाउनुहोस्
मगरागढी शाखा, बारबर्दिया नगरपालिका, बर्दिया
सम्पर्क फोन: +९७७-०८४-४०४१०१/०२

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री टीका निधी उपाध्यायको नातिनी, कृपाराज उपाध्यायको छोरी, लुम्बिनी प्रदेश बर्दिया जिल्ला, बारबर्दिया नगरपालिका वडा नं. ०६ हाल गुलरिया नगरपालिका - ०६ बस्ने ६५ वर्षकी श्रीमती शान्ता शर्माको मिति २०८१/०५/१४ (ई.सं.३०/०८/२०२४) मा मृत्यु भएकोले स्व. शान्ता शर्माको छोरा हाल गुलरिया नगरपालिका - ०६ बस्ने श्री संरक्षण शर्मले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मगरागढी शाखा, बारबर्दिया नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



### हिमालयन ब्रोकरेज कम्पनी लिमिटेड
केन्द्रीय कार्यलय: डिल्लीबजार, काठमाडौं, फोन ५९००७२४/५९००७२५
Email: info@himalayanbrokerage.com, URL: www.himalayanbrokerage.com

### दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८१/०७/०९ गते)

हिमालयन ब्रोकरेज कम्पनी लिमिटेड मिति २०८१ कार्तिक ०६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम दोस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१ साल कार्तिक ३० गते, (तदनुसार नोवेम्बर १५, २०२४) ।
समय : दिउसो ३:०० बजे ।
स्थान : लेमन ट्रि, बुढानिलकण्ठ, काठमाडौं ।

**छलफलका विषयहरु :**
**क. सामान्य प्रस्तावहरु :**
१. आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता सम्बन्धमा ।
५. आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सानबाट लाभाँश पारित गर्ने सम्बन्धमा ।

**ख. विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



### जलवायु परिवर्तनसम्बन्धी कार्यमा सदाचार र सुशासन



जलवायु परिवर्तनले निम्त्याएका समस्याहरूको पहिचान तथा सम्बोधन गरौं ।

भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता सम्बन्धी उजुरीका लागि सम्पर्क गरौं
शुल्क नलाग्ने फोन नम्बर १६६० ०१ २२ २११

सहयोग : TRANSPARENCY INTERNATIONAL the global coalition against corruption

जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका गतिविधि पारदर्शी बनाऔं ।

टेलिफोन ०१ ४५७५२६२ | फ्याक्स ०१ ४५७५११२
एस.एम.एस. ९८४३२४१९०९ | ई-मेल complain@tinepal.org

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य



### कल्याणकारी सेवा समितीको अत्यन्तै जरुरी सूचना
**सूचना प्रकाशित मिति २०८१/०७/०९**

नेपाल सरकार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मिति २०३१/२/७ गते ३२ दर्ता नम्बर भएर स्थापना भई संचालन रहेको हाम्रो यस कल्याणकारी सेवा समितीको पुर्व अध्यक्ष श्री नामग्याल श्रेष्ठले व्यक्तिगत तवरले निजि स्वार्थपुर्ती गर्न संस्थाको छाप, लेटरहेड दुरुपयोग गर्दै विभिन्न सरकारी तथा सार्वजनिक बित्तीय कार्यालयहरू र व्यक्तिहरूलाई पत्र लेखी गैरकानुनी गतिविधि गरिरहेको सूचना संस्थामा प्राप्त भएकोले संस्थालाई गम्भीर ध्यानाकर्षण भएको छ । निज ब्यक्तिलाई संस्थाको बिधान प्रतिकुल कार्य गरि संस्थालाई हानी नोक्सानी हुने कार्य गरेकोले सदस्य समेत नरहने गरि तत्कालीन तदर्थ कार्य समितिले कारबाही गरि हटाइएको र मिति २०८० कार्तिक ७ गते बसेको संस्थाको सर्बोच्च निकाय बार्षिक साधारणसभाको सर्वसम्मतिले नयाँ कार्यसमिति गठन सहित निजलाई कारबाही गरि हटाउने निर्णयको अनुमोदन समेत गरि नियामक निकायबाट संस्था नवीकरण भएर संस्था निरन्तर संचालन रहेको अवस्थामा संस्थाको नाममा कुनै पनि गतिविधि नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचना मार्फत जानकारी गराईन्छ।यदि गैरकानुनी कार्य गरे/गराएमा संस्थाले जिम्मेवारी नलिने र कानुनी कारबाहीको उपचार जाने ब्यहोरा जानकारी गरिन्छ ।

**इब्राहिम मुस्लिम, अध्यक्ष**
**सम्पर्क नम्बर -: ०१४९५०१३२ ९८४१२१४४१६, ९८५१३५७०३६**



### सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मिति: २०८१/०७/०९

यस बैंक (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) को शाखा कार्यालय, मंगलपुर, चितवनबाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीको नाम र ठेगाना**
राम कृष्ण अधिकारीकी छोरी, रामचन्द्र भट्टकी बुहारी, राम कृष्ण भट्टकी पत्नी, गोरखा जिल्ला, खोप्लाङ उ.म.न.पा/गा.वि.स. वडा नं. ९, स्थाई ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २१, बस्ने **इश्वरी भट्ट (अधिकारी)** (ना.प्र.नं. ३५३०३४/५५-चितवन, जारी मिति २०६३/११/१७, प्रथम प्रतिलिपि मिति २०६८/०६/३०, जिल्ला गोरखा) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. कृष्णनाथ पन्तकी छोरी, घनश्याम अधिकारीकी बुहारी, राम कृष्ण अधिकारीकी पत्नी, चितवन जिल्ला, शुक्रनगर गा.वि.स. वडा नं. १, स्थाई ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २१, बस्ने **पवित्रा अधिकारी** (ना.प्र.नं. २३३४, जारी मिति २०४३/०९/२९, जिल्ला चितवन) ।
२. कृष्ण बहादुर गौतमकी छोरी, गुन्ज बहादुर थापाकी बुहारी, बाबुराम थापाकी पत्नी, चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ४, स्थाई ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २१, बस्ने **सुनिता गौतम** (ना.प्र.नं. १४८१, जारी मिति २०५१/०८/२२, जिल्ला चितवन) ।

Citizens Bank
**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८



### आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको आठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना
(प्रथम पटक प्रकाशन मिति: २०८१/०७/०९)

**आदरणीय शेयरधनी महानुभावहरु,**
मिति २०८१ साल कार्तिक ८ गते बिहिबार बसेको सञ्चालक समितिको १६० औं बैठकको निर्णयानुसार यस आशा लघुवित्त वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने :**
मिति : २०८१ मंसिर ७ गते शुक्रबार (तदनुसार २०२४ नोभेम्बर २२)
स्थान : होटल उग्रचण्डी, बनेपा-७, बनेपा बजार, काभ्रेपलाञ्चोक ।
समय : दिनको ३:०० बजे

**छलफलका विषयहरु:**
**क) सामान्य प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को ०.७५ प्रतिशतले हुने रकम रु.४८,१२,१२०/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।
४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री बि.आर.पराजुली एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

**ख) विशेष प्रस्तावहरु :**
१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को १४.२५ प्रतिशतले हुने रकम रु. ९,१४,३०,२८०/- बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।
२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीको नियम ३२(१) (ख) मा संशोधन गर्ने सम्बन्धमा ।
३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**आठौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**
१. आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८१/०७/२५ गते १ दिन शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०७/२४ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न योग्य हुनेछन् ।
२. आठौं वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय-पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक र प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौंमा सम्पर्क गर्नुहुन तथा यस वित्तीय संस्थाको वेवसाईट www.ashamicrofinance.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।
५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका दिनको २:०० बजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।
६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा दर्ता गराउनुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।
७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ ।
८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन ।
९. शेयरधनी महानुभावहरुलाई सभा स्थलमा आउँदा छाता, झोला वा अन्य प्रतिबन्धित कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।
१०. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६००७३
इमेल : info@ashamicrofinance.com.np
वेवसाइट : www.ashamicrofinance.com.np



एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९९७७/७८/८८, फ्याक्स: +९७७-१-५९९९९८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८ मा SMS पठाउनुहोस्
मगरागढी शाखा, बारबर्दिया नगरपालिका, बर्दिया
सम्पर्क फोन: +९७७-०८४-४०४१०१/०२

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री फुलराम थारुको नातिनी, शंकर थारुको छोरी, लुम्बिनी प्रदेश बर्दिया जिल्ला, बारबर्दिया नगरपालिका वडा नं. ०६ हाल राप्तीसोनरी गाउँपालिका - ०६ बस्ने २८ वर्षकी श्रीमती निलम चौधरीको मिति २०८१/०३/२४ (ई.सं. ०८/०७/२०२४) मा मृत्यु भएकोले स्व. निलम चौधरीको पति हाल राप्तीसोनरी गाउँपालिका - ०६ बस्ने श्रीमान लाल प्रसाद थारुले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मगरागढी शाखा, बारबर्दिया नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Integrated River Basin Irrigation and Water Resources Management Program**

### Invitation for Bids
**Date of publication: 2081/07/09 B.S.**

The Integrated River Basin Irrigation and Water Resources Management Program invites electronic bids from the eligible Nepalese bidders for the procurement of works. The details of the individual project are given below:

| S. N. | Description of Project | Contract No. | Estimated Amount in NRs. (With VAT) | Bid Security Amount in NRs. | Price of Bidding Document in NRs. (Non-refundable) |
|---|---|---|---|---|---|
| 1. | Construction of Khahare Khola Muhan gari Panchase Irrigation project, Panchakanya RM-5, Nuwakot | Works-KKMPIP-NCB-2081/82-01 | 7,569,432.50 | 200,000.00 | 3,000.00 |
| 2. | Construction of 200 mm ( 8") dia. Investigation Tubewell along the Arun-Tamor River Corridor | ITW-081/82-01 | 9,526,950.22 | 238,000.00 | 3,000.00 |

Only electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 2081/08/09, 12:00 noon. Eligible Bidders may obtain further information from **Integrated River Basin Irrigation and Water Resources Management Program** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Project Director**

# हेटौँडा सिमेन्टबाट तार चोरी गर्ने तीनजना पक्राउ

**मकवानपुर/** प्रहरीले हेटौँडा सिमेन्ट उद्योगबाट तार चोरी गर्ने तीनसहित आठजनालाई पक्राउ गरेको छ। प्रहरीले बिहीबार हेटौँडा सिमेन्टबाट तार चोरी गर्ने तीन, हेटौँडा उपमहानगरपालिका- ८ मा निर्माणाधीन घरबाट तार चोरी गर्ने दुई, हेटौँडा- ८ र २ बाट मोटरसाइकल, म्युजिक सिस्टम र नगद चोरी गर्ने एक र लेनडाँडाबाट ३७ किलो सेतो धातुको बिजुलीको तार चोरी गर्ने दुई गरी आठजनालाई बिहीबार पक्राउ गरेको हो।

मकवानपुर प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काका अनुसार हेटौँडा सिमेन्ट उद्योग परिसरबाट तामाको तार चोरीमा संलग्न भएकामध्ये हेटौँडा- १२ का मणिराज थोकर, हेटौँडा- १३ का सन्तबहादुर तितुङ र भारत मोतिहारीका दिलखुसकुमार साहलाई पक्राउ गरिहेको हो। सातजनाको समूहमा आएका व्यक्तिले २३ असोज राति हेटौँडा सिमन्ट उद्योगको पश्चिमतर्फको रोपवेदेखि क्रसरसम्म जाने ६ इन्च र चार इन्चको बिजुलीको तामाको तार चोरी गरेका थिए। चोरीमा संलग्न रहेका अन्यको खोजी भइरहेको प्रहरी प्रमुख खड्काले बताए। चोरीमा संलग्न रहेका थोकर र तितुङले तार हेटौँडा- ४ वनविज्ञाननजिकै कबाडीमा बिक्री गरेका थिए। सोही क्रममा कबाडी सञ्चालक दिलखुसकुमारसहित थोकर र तितुङलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## लागुऔषध तस्करीमा नयाँ ट्रेन्ड

# थाइल्यान्डबाट नेपालमा गाँजा तस्करी

**नवराज मैनाली/नयाँ पत्रिका**



थाई महिला सोमरुदी होवाङ

गाँजाको खेती, बिक्री तथा सेवनलाई वैधता दिएको एसियाको एक मात्र देश थाइल्यान्डबाट नेपालमा गाँजा तस्करी हुन थालेको छ। पछिल्लो एक सातामा थाइल्यान्डबाट आएको करिब ११ किलो गाँजा बरामद भएको हो।

थाइल्यान्डबाट गाँजा लिएर आएका दुईजनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ। लागुऔषध नियन्त्रण ब्युरोले गाँजा लिएर आएका एक थाई, एक भारतीय तथा सहयोग गर्ने एक नेपालीलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको हो।

गत ५ कात्तिकमा थाई महिला सोमरुदी होवाङलाई प्रहरीले विमानस्थलबाट पाँच केजी गाँजासहित पक्राउ गरेको थियो। सो गाँजा लिन गएका नेपालका प्रेम शाह पनि पक्राउ परेका छन्। त्यस्तै, थाइल्यान्डबाटै आएका भारतीय नागरिक तिलकप्रसाद शर्मा पाँच केजी नौ सय ग्राम गाँजासहित ६ कात्तिकमा पक्राउ परेकोमा ब्युरोकै हिरासतमा छन्। भारत लैजानका लागि नेपाललाई ट्रान्जिट बनाइएको प्रहरी अधिकारीले बताएका छन्। 'उनीहरूले सो गाँजा नेपाल हुँदै भारत लैजान लागेको देखिन्छ,' लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी दिनेशकुमार आचार्य भन्छन्, 'थाइल्यान्डबाट नेपालमा विगतमा गाँजा आएको थाहा थिएन, सायद त्यहाँको सरकारले गाँजालाई वैधानिकता दिएकाले पनि तस्करीमा सहज भएको हुन सक्छ।'

२०२२ को जुनदेखि थाइल्यान्ड सरकारले गाँजा बिक्री तथा सेवनलाई वैधानिक बनाइएको थियो। पर्यटकलाई लक्षित गरी यसरी गाँजा बिक्रीलाई वैधानिकता दिएपछि अन्य देशमा तस्करी पनि सहज भएको हो। त्यसको असर नेपालमा समेत देखिएको छ।

नेपालमा उत्पादन हुने गाँजा र चरेस पनि विश्वका विभिन्न देशमा तस्करी हुने गरेको छ। थाइल्यान्डमा उत्पादन हुने गाँजा फरक खालको हुने भएकाले नेपाल र भारतमा तस्करी हुन गरेको प्रहरी अधिकारी बताउँछन्। नेपालमा उत्पादन हुने गाँजा प्राकृतिक भएकाले यसमा हुने रसायन टेट्राहाइड्रोक्यानाबिनोल (टिएचसी) कम हुन्छ। तर, थाइल्यान्डमा वैधानिक हुने भएकाले त्यहाँ उच्च रसायन हुने गरी खेती हुने भएकाले त्यसको माग बढी हुने गरेको छ।

नेपालको गाँजामा टिएचसी करिब ३-४ प्रतिशत हुनेमा थाइल्यान्डको गाँजामा करिब ४५ प्रतिशत हुने गरेको छ। सोही कारण थाइल्यान्डको गाँजा नेपालमा तस्करी भएको हुन सक्ने ब्युरोका एसएसपी आचार्य बताउँछन्। यस्तो गाँजाको मूल्य पनि उच्च हुने गरेको छ।

प्रहरीले पाएको सूचनाअनुसार भारतमा ग्रामको करिब एक हजार भारुमा बीक्र हुने गरेको छ। जसअनुसार एक किलोकै करिब १० लाख भारु पर्दछ। उच्च नाफा भएकाले पाँच किलो गाँजा तस्करीकै लागि विदेशमा भरिया खटाएर तस्करी हुने थालेको प्रहरी अधिकारी बताउँछन्।

विगतमा अमेरिकाबाट पनि नेपालमा आएको गाँजा बारम्बार बरामद भएको छ। अमेरिकामा पनि धेरै राज्यमा गाँजा बिक्री तथा सेवन वैधानिक छ।

### ■ थाइल्यान्डमा गाँजा बिक्रीमा फेरि रोक लगाउने तयारी

पर्यटक बढाउने उद्देश्यले थाइल्यान्ड सरकारले दुई वर्षअघि गाँजालाई वैधानिकता दिए पनि त्यसले धेरै समस्या निम्त्याएको भन्दै फेरि रोक लगाउने गृहकार्य थालिएको छ। हाल त्यहाँको सरकारले औषधि प्रयोजनबाहेक गाँजाको खेती, बिक्री तथा प्रयोगमा रोक लगाउने कानुन अघि बढाएको छ।

पर्यटकलाई लक्षित गरी गाँजा खुला गरिए पनि त्यसले थाई युवाहरूमा दुर्व्यसन फसाएको तथा समाजका नकारात्मक गतिविधि बढाएको भन्दै हालको सरकारले औषधिजन्य प्रयोजनका लागि मात्र गाँजाको प्रयोग गर्न दिन लागेको छ। गत २० सेप्टेम्बरमा ब्लुमबर्ग डटकममा प्रकाशित समाचारअनुसार नयाँ कानुनमा गाँजा सेवन गर्नेलाई ६० हजार भाट (करिब दुई लाख ४० हजार रुपैयाँ)सम्म जरिवाना गर्ने प्रस्ताव गरिएको छ। २०२४ को अन्तिमसम्म गाँजा बिक्री र प्रयोगलाई नियन्त्रण गर्ने थाई सरकारको तयारी छ।

नेपालमा पनि गाँजाको खेती र प्रयोगलाई वैधानिक बनाउन केही समूहले पहल गरिरहेका छन्। तर, प्रहरी अधिकारी भने औषधिजन्यबाहेकको प्रयोगमा गाँजालाई वैधानिकता दिए त्यसले समाजमा नकारात्मक असर पर्ने बताउँछन्।


गण्डकी प्रदेश सरकार
ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
स्याङ्जा, नेपाल

**बोलपत्र पेश गर्नेसम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०७/०९ गते

| शारदा थापा | वरभञ्ज्याङ | २९८८ | तनहुँ/२०४७/०७/११ जिल्ला प्रशासन कार्यालय | मान वहादुर थापा/रुप वहादुर पाण्डे | दल बहादुर थापा |

३) ग्राहकको नाम : बिष्णु देव अटो पार्टस पसल
दर्ता भएको कार्यालय : नेपाल सरकार बाणिज्य तथा आपूर्ति मन्त्रालय बाणिज्य विभाग दमौली, तनहुँ
फर्मको दर्ता नं. : ३८४९/०७३/०७४, दर्ता मिति : २०७३/०७/२५ पान नं. : ३०१६९४८५८

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | ...न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ब्यापार | वबि श्रेष्ठ | तनहुँ | सत्रसय आँबु | ६ | ७७१, २५६४ | ०-२-२-०, ०-१-०-० | |

**प्रोप्राईटरको विवरण:**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| वबि श्रेष्ठ | आँबु- ६, तनहुँ | ४५४३१ | तनहुँ/२०५७/११/०८ जिल्ला प्रशासन कार्यालय | श्याम कुमार श्रेष्ठ | टिका नारायण |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा सम्बन्धित शाखाले तोकेको खाता नम्बरमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत: जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि सम्बन्धित कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौं ।**

## दबाबबिच...

पृष्ठ १ बाट क्रमशः

ऊर्जामन्त्री दीपक खड्काले कार्यकारी निर्देशक कुलमान घिसिङलाई उद्योगहरूमा लाइन नकाट्न निर्देशन दिँदै नटेरे 'टसल' बढ्ने चेतावनी दिएका थिए। तर, घिसिङले समिति बैठकबाटै वा मन्त्रिपरिषद्बाट कुनै औपचारिक निर्णय नभए बक्यौता नबुझाउने उद्योगमा पुरानै निर्णयअनुसार लाइन काटिने अडान दोहोर्‍याएका थिए। गत साउनमा मन्त्री खड्काकै नेतृत्वमा बसेको समिति बैठकले तीन महिनाभित्र बक्यौता नतिरे नियमअनुसार असुलीको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो। बिहीबारको बैठकमा मन्त्री खड्काले यसबारे कुनै निर्णय गराउन सकेनन् भने साँझ बसेको मन्त्रिपरिषद् बैठकले पनि कुनै निर्णय गरेन।

प्राधिकरणले ८ साउनमा अल्टिमेटम दिँदासम्म बक्यौता नबुझाउने ६१ उद्योग थिए। अल्टिमेटमको अन्तिम दिन बिहीबार पाँच उद्योगले पहिलो किस्ता बुझाएसँगै तीनमहिने अवधिमा बक्यौता चुक्ता गर्ने वा तिर्न सुरु गर्ने १७ पुगेका छन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पाँच उद्योगबाट पहिलो किस्ता प्राप्त भएको पुष्टि गरे। तर, बक्यौता नतिर्ने अन्य उद्योगले दबाब दिएका कारण उनीहरूको नाम गोप्य राखिएको उनले बताए। विराटनगरको रिलायन्स स्पिनिङ मिल्सको हकमा भने अदालतबाट अन्तरिम आदेश भएकाले प्राधिकरणले कुनै कारबाही गरेको छैन। विराटनगर अदालतले १२ कात्तिकसम्म उद्योगमा कुनै कारबाही अघि नबढाउन आदेश दिएको थियो। त्यसपछि भने यो उद्योगमा पनि प्राधिकरणले लाइन काट्न सक्छ।

'प्राधिकरण सञ्चालक समितिको निर्णयअनुसार नै थपिएको तीन महिनाको अवधिसम्म पनि बक्यौता बुझाउने प्रक्रियामा नआएपछि आज राति नै ४३ उद्योगमा लाइन काटिएको छ,' प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने, 'बिहीबार मात्रै पाँच उद्योगले पहिलो किस्ता बुझाएका छन्। यीसहित तीन महिनाको अवधिमा बक्यौता चुक्ता वा तिर्न सुरु गर्ने १७ उद्योग पुगेका छन्।'

प्राधिकरणले बक्यौता नतिर्ने ६१ मध्ये ६ उद्योगमा २५, २६ र २७ असारमा लाइन काटेर कारबाही प्रक्रिया थालेलगत्तै बनेको केपी ओली नेतृत्वको सरकारले उद्योगीको पक्ष लिएर प्राधिकरणलाई लाइन जोड्न बाध्य पारेको थियो। प्रधानमन्त्री ओलीको ठाडो आदेशमा विद्युत् नियमन आयोगमार्फत निर्देशन आएपछि प्राधिकरणले ६ साउनमा ६ उद्योगमा पुनः लाइन जोडिदिएको थियो। तर, तीन महिनाभित्र अर्थात् ८ कात्तिकसम्म सबै उद्योगले बक्यौता तिर्नुपर्ने सर्तमा प्राधिकरणले लाइन जोड्ने निर्णय लिएको थियो।

बक्यौता नतिर्ने ग्राहकको लाइन नै काट्ने कि अन्य व्यवस्था गर्ने भन्ने बहसकै विषय हो। तर, अहिले कानुनी रूपमा बक्यौता उठाउन प्राधिकरणलाई पहिलो अधिकार नै लाइन काट्ने हो। नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ र विद्युत् महसुल संकलन नियमावली, २०७८ ले प्राधिकरणलाई महसुल नतिर्ने ग्राहकको लाइन काट्न स्पष्ट रूपमा अधिकार दिएको छ। 'कुनै ग्राहकले प्राधिकरणलाई बुझाउनुपर्ने महसुल जरिवाना, क्षतिपूर्ति, अतिरिक्त शुल्क, अन्य शुल्क तथा तिर्न/बुझाउनुपर्ने अन्य रकम तोकिएको समयभित्र नबुझाएमा वा विद्युत्को अनाधिकार प्रयोग गरेमा प्राधिकरणले त्यस्तो ग्राहकलाई दिइराखेको विद्युत् लाइन काट्न सक्नेछ,' नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २३ मा उल्लेख छ। यस्तै, विद्युत् महसुल संकलन नियमावली, २०७८ को बुँदा १० मा पनि ग्राहकको लाइन काट्न सकिने व्यवस्था गरिएको छ। 'मिटर रिडिङ गरेको ६०औँ दिनसम्म विद्युत् महसुल नबुझाएमा विनासूचना जुनसुकै समयमा पनि विद्युत् लाइन काटिनेछ,' नियमावलीमा उल्लेख छ।

### उद्योगीसँग प्राधिकरणको छलफल, वितरण केन्द्रबाट उद्योगमा फोन

सञ्चालक समिति बैठकबाट कुनै निर्णय नभएपछि प्राधिकरणले दिउँसो धेरै बक्यौता भएका उद्योगीसँग छलफलसमेत गरेको थियो। छलफलमा केही उद्योगी उपस्थित भएका थिए। त्यसमा प्राधिकरणले किस्ताको सुविधा बढाउने भन्दै बिहीबार आंशिक बक्यौता भए पनि भुक्तानी गर्न प्रस्ताव गरेको थियो।

प्राधिकरणले गत असारमै यस्तो बक्यौता तिर्न उद्योगीलाई २८ महिनाको किस्ता सुविधा दिने निर्णय गरेको थियो। यस्तो सुविधा अझै बढाएर ६० महिना पुर्‍याउने प्रस्ताव प्राधिकरणले बैठकमा गरेको थियो। साथै, पुनरावलोकन गर्दा राख्नुपर्ने जमानत पनि २५ प्रतिशतबाट ५-१० प्रतिशतमा झार्ने आश्वासन दिएको प्राधिकरणले बिहीबार कार्यालय समयमा बक्यौता नतिरेमा लाइन काट्न बाध्य हुने चेतावनीसमेत दिएको थियो। तर, उद्योगीहरूले प्रमाणको आधारमा मात्रै बक्यौता तिर्ने बताएका थिए। त्यसमा पनि लाल आयोगको प्रतिवेदनअनुसार बक्यौता तिर्ने अडान उद्योगीले लिएका थिए। यद्यपि, आफ्नो समूहमा छलफल गरेर साँझसम्म खबर गर्ने भनेर उद्योगीहरू बैठकबाट बाहिरिएका थिए। उद्योगीको जवाफको पर्खाइमा प्राधिकरणको टोली बिहीबार रातिसम्मै रत्नपार्कस्थित कार्यालयमा थियो। तर, उद्योगीबाट कुनै जवाफ र सरकारबाट पनि लिखित निर्देशन नआएपछि लाइन काट्न सुरु गरिएको हो।

बिहीबार वितरण केन्द्रका प्रमुखहरूले पनि फोनमार्फत उद्योगहरूलाई बक्यौता तिर्न ताकेता गरेका थिए। वीरगन्ज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुवेले फोनमार्फत उद्योगीहरूलाई बक्यौता तिर्न ताकेता गरेको बताए। 'हामीले नियमित रूपमा पनि ग्राहकहरूलाई बक्यौता तिर्न फोनमार्फत ताकेता गर्छौँ। आज (बिहीबार) पनि ताकेता गर्‍यौँ,' उनले भने।

### बक्यौता नतिर्ने उद्योगीको सोलार र जलविद्युत्का भुक्तानी रोक्ने प्राधिकरणको तयारी

प्राधिकरणले बक्यौता नतिर्ने उद्योगीको लगानी रहेको सोलार पावर प्लान्ट र जलविद्युत् परियोजनाको भुक्तानी रोक्ने तयारी पनि गरेको छ। नेपाल ऊर्जा परियोजनाको विद्युत् खरिद गर्ने एक मात्र निकाय प्राधिकरण हो।

प्राधिकरणले परियोजनासँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गरेर विद्युत् किन्छ। त्यसपछि उद्योग तथा ग्राहकलाई बिक्री गर्छ। परियोजनाबाट विद्युत् किनेबापत प्राधिकरणले बिलको आधारमा मासिक रूपमै रकम भुक्तानी गर्छ। अहिले यस्तो बक्यौता नतिर्ने कतिपय उद्योगीले सोलार तथा जलविद्युत् परियोजना पनि सञ्चालन गर्दै आएका छन्, जुन परियोजनाको विद्युत् प्राधिकरणले खरिद गर्दै आएको छ। अब त्यस्ता परियोजनालाई दिइने भुक्तानी रोकेर हिसाब मिलान गर्ने प्राधिकरणका एक उच्च अधिकारीले बताए।

'त्यस्ता परियोजनाको सबै भुक्तानी रोक्दैनौँ। तर, मासिक रूपमा निश्चित रकम कटौती गर्नेछौँ। बक्यौताबराबरको रकम चुक्ता नभएसम्म सोहीअनुसार हिसाब मिलान गर्नेछौँ,' ती अधिकारीले भने। अब तत्काल त्यस्तो परियोजनाको खोजी गर्ने काम अघि बढ्ने उनको भनाइ छ।

## एउटा जाँच...

पृष्ठ १ बाट क्रमशः

गर भन्दै पार्टीका कार्यकर्ता मात्र होइन, जिम्मेवार नेताहरूलाई सडकमा पठाउँछन्। यो देशले आशा गरेका नयाँ मान्छे बोकेर बसेका छौँ। उनीहरू शान्त रूपमा आन्दोलन गरेर बसेका छन्। शान्त आन्दोलनमा पार्टीका मान्छे पठाएर बिथोल्ने काम हुन्छ। वृद्ध बा-आमाहरू आएका छन्। त्यस्ता मान्छेलाई बिथोल्ने कार्य हुन्छ। अनि हिंसा भड्काउने कार्य हुन्छ। के आफ्नोबारेमा शान्त रूपमा आवाज उठाउन पनि पाइँदैन श्रीमान् ? स्वतन्त्र रूपमा प्रदर्शन गर्न पनि पाइँदैन श्रीमान् ? शान्तिपूर्ण आन्दोलनमा घुसपैठ गरिन्छ र भनिन्छ, नयाँ दल पनि उस्तै हुन्!

दुईतिहाइको सरकार मेरोविरुद्ध षड्यन्त्र गरिरहेको छ। यतिखेर न्यायालयबाहेक कसैको आशा हुन सक्दैन श्रीमान्। मलाई न्यायालयको आशा छ, त्यसकारण आज यो अदालतमा मैले केही कुरा भनेको हुँ श्रीमान्।

एउटा जाँच, एउटा कक्षमा मान्छेले कतिपटक दिन्छ श्रीमान् ? म यो ठुलो आवाजका लागि क्षमा चाहन्छु, असाध्यै धेरै पीडा भएर नै आवाज ठुलो भएको हो।

तत्कालीन प्रधानमन्त्रीले प्रहरीलाई बोलाएर, सिआइबीलाई बोलाएर, महान्यायाधिवक्तालाई बोलाएर सोधेर, तिनले दिएका पत्रको आधारमा उजुरी छैन, मुद्दा छैन। कतै प्रतिवादी होइन भनेर संसद्मा भन्नुभएको होइन। त्यतिखेरका सत्तसाझेदार अहिलेका प्रधानमन्त्रीले सार्वजनिक रूपमा भनेका कुरा अहिले काम लागेन ? सहकारी छानबिन संसदीय समितिका सभापतिले विभिन्न टेलिभिजनमा उहाँको संलग्नता छैन, केही कतै देखिएन, संस्थागतमा कुनै निर्णय गरिएको छैन भनेर बताउनुभएको होइन ? प्रहरी प्रमुखले संसदीय समितिमै बयान दिनुभएको होइन ? गर्न बाँकी केही छैन श्रीमान्। तैपनि सहकारी ठगेको मुद्दा लगाइएको छ, संगठित अपराधसमेत भनिएको छ। म विदेशमा बेचिएका चेलीहरूलाई देशमा ल्याउने संगठित अपराधमा लागेको रहेछु, श्रीमान् सजाय पाऊँ। म विदेशमा अलपत्र परेका नेपाली दाजुभाइलाई नेपालमा ल्याउने संगठित अपराधमा लागेको मान्छे हो, सजाय पाऊँ श्रीमान्। म बाढीले बगाएको बस्ती मधेश बनाउने संगठित अपराधमा हिँडेको अभियुक्त हुँ, सजाय पाऊँ श्रीमान्। म दुर्गम कालीकोटमा अस्पताल बनाउन गएको मान्छे हो, मलाई त्यो संगठित अपराधमा पनि मुद्दा चलाइयोस् श्रीमान्। श्रीमान्, जुन तहको राजनीति र जुन तहको अन्याय ममाथि भएको छ, संसारले हेर्दै छ। मैले आफूलाई सम्हालेर बसेको छु। एउटा परिस्थिति बनेपछि श्रीमान्समक्ष आफ्नो कुरा राख्न पाएँ। यो मेरा लागि सौभाग्यको कुरा हो। तर, मैले केही पनि गर्न नहुने!

मैले चुनाव लड्न नहुने, सांसद/मन्त्री हुन नहुने। अनि, म नागरिक हुन नहुने। विनाआधार र प्रमाण म हिरासतमा बस्नुपर्ने ? ६-६ दिनसम्म राखेर मसँग जम्मा चार घण्टा बयान लिइएको छ। ल्याएर राख्ने, लिंगरिङ गर्ने अनि बयान भएको छैन भनेर म्याद थप्न माग्ने ? सल्लाह भएबमोजिम, सरकारले घेराबन्दी गरेबमोजिम मलाई अन्य थप मुद्दा, सम्पत्ति शुद्धीकरण, यो शुद्धीकरणसम्म लगाउने ? सहकारीपीडित कतिले आत्महत्या गरे, मलाई आत्महत्या दुरुत्साहनको पनि अभियोग लगाइदिनुस्। योचाहिँ किन छोड्नु र श्रीमान् ?

मेरो आक्रोश श्रीमान्प्रति होइन। उजुरी परेका तिनै सहकारीहरू ठाउँ-ठाउँ पुर्‍याउने कुरा गरिँदै छ। मलाई सहारा, सुप्रिम, सानोपाइला सहरकारी भएका ठाउँमा लैजाने कुरा छ। श्रीमान् मैले अब दिनुपर्ने कतिवटा जाँच बाँकी छ ?

म अन्यायको शिखरमा उभिएर न्यायको आशा गरेर श्रीमान्तर्फ हेरेर बसिरहेको छु। नियमित भएको प्रक्रियाले के भन्छ मलाई थाहा छैन। मलाई न्यायालयबाहेक अरू केही विश्वास, भरोसा र आस छैन।

यतिखेर जब म प्रतिपक्षमा छु, जतिखेर देशमा दुईतिहाइको शक्तिशाली सरकार छ त्यो शक्ति नागरिकको वा अरू कसैको मुख थुन्न वा अन्याय गर्न दुरुपयोग नहोस्। यो वेलामा कोर्ट अझ बढी सक्रिय हुनेछ भन्ने विश्वास लिन्छु। म फेरि पनि पीडाका कारण आक्रोशमा बदलिएको अभिव्यक्ति स्वीकार गरिदिनुहुन्छ भनेर विनम्रपूर्वक क्षमा माग्दै आफ्नो कुरा टुंग्याएँ श्रीमान्।

## रवि र छविलाई...

पृष्ठ १ बाट क्रमशः

म्याद थपको पक्षमा बहस गर्नेहरूले अनुसन्धान नसकिएको, आवश्यक कागजपत्र जुटाउन बाँकी रहेको र माग गरिएका कागजपत्रहरू आएपछि सोधपुछसँगै बयान लिनुपर्ने भएकाले थप समय आवश्यक परेको दाबी गरेका थिए। तर, लामिछाने पक्षका कानुन व्यवसायीले भने उनी कतै भागेर नजाने, प्रमाणहरू लुकाउन नसक्ने, प्रहरीलाई आवश्यक पर्दा आफैँ उपस्थित हुन सक्ने भएकाले हाजिरी जमानीमा छाड्न माग गरेका थिए।

२ कात्तिकमा पक्राउ परेका लामिछानेलाई त्यसको दुई दिनपछि अदालतले ६ दिन हिरासतमा राख्न अनुमति दिएको थियो। त्यस्तै, ६ असोजमै पक्राउ परेका जोशीको हकमा भने यो चौथोपटक म्याद थप हो। इजलासबाट म्याद थप भएपछि लामिछाने र जोशीलाई डेढ घण्टाजति वडा प्रहरी कार्यालयभित्र राखिएको र उनीहरूबिच त्यहाँ कुराकानीसमेत भएको प्रहरी स्रोतले बतायो।

त्यस्तै, सूर्यदर्शन सहकारी ठगी प्रकरणमै १५ असोजमा पक्राउ परेकी लीला पछाईको हकमा समेत सात दिन म्याद थप भएको छ। उनले गितेन्द्रबाबु (जिबी) राईसँग मिलेमतो गरी सहकारीको तीन करोडभन्दा बढी रकम आफ्नो बैंक खातामा लगेर चल-अचल सम्पत्ति खरिद तथा सेयर कारोबारमा लगानी गरेको भेटिएपछि प्रहरीले पक्राउ गरेको थियो।

पोखराको सूर्यदर्शन सहकारी ठगी आरोपमा कास्की अदालतबाट पक्राउ पुर्जी जारी भएर हिरासतमा रहेका लामिछानेलाई बुटवलको सुप्रिम सहकारी ठगी आरोपमा रूपन्देही जिल्ला अदालतले पनि पक्राउ अनुमति दिएको छ। प्रहरी स्रोतका अनुसार सुप्रिमको ठगी सम्बन्धमा बयान लिन उनलाई रूपन्देही लगिने भएको छ। मुद्दाको अनुसन्धानका लागि सिआइबीका डिएसपी सुन्दर तिवारीलाई खटाइएको छ। छविलाल जोशीलाई पनि ५ कात्तिकमा रूपन्देही पुर्‍याएर बयान लिइएको थियो। बयान सकिएसँगै उनलाई बिहीबार पोखरा नै ल्याइएको हो।

आइतबार अदालतमा उपस्थित गराउँदा लामिछानेले पत्रकारलाई प्रतिक्रिया दिएपछि बिहीबार पत्रकारलाई अदालत गेटअगाडि बस्नसमेत रोक लगाइयो। अदालतपरिसर प्रवेशमा रोक लगाइएका पत्रकारलाई गेटअगाडिको सडक पारिपट्टि बस्दासमेत प्रहरी पुगेर हटाएका थिए।

## अनुसन्धान प्रतिवेदन...

पृष्ठ १ बाट क्रमशः

प्रहरी कार्यालय बाँकेमा प्रतिवेदन पठाएपछि अझै सरकारी वकिलको कार्यालयमा भने पेस हुन सकेको छैन।

न्यायिक प्रक्रियामा विलम्ब हुनुको एउटै कारण हो, सत्ता र शक्तिसँग आरोपीको पहुँच। रुबी हत्याका मुख्य आरोपी नेपालगन्ज- १७ का बादशाह कुर्मी कांग्रेस नेता हुन्। गत प्रदेश सभा निर्वाचनमा लुम्बिनीबाट प्रत्यक्ष निर्वाचित उनलाई कांग्रेसले गत ९ साउनमा प्रदेश मन्त्रीसमेत बनायो। तर, त्यसको सर्वत्र विरोध भएपछि कांग्रेसले उनलाई मन्त्रीबाट राजीनामा गराएको थियो।

मुख्य आरोपीलाई राज्यको उच्च पदमा नियुक्त गरेपछि त्यसको विरोधमा अधिकारकर्मी रुबीसहितको टोलीले २५ साउनदेखि माइतीघर मण्डलामा अनशन थाल्यो। अहिलेसम्म निरन्तर अनशनमा रहेको टोलीले यसबिचमा प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारसम्म पटक-पटक मार्च गर्‍यो। गृह मन्त्रालयका अधिकारी भेट्यो। राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गरायो। बिहीबार महराजगन्जस्थित राष्ट्रपति निवासअघिको प्रदर्शन यसैको निरन्तरता थियो। तर, उनीहरूको माग अझै पूरा हुन सकेको छैन।

निर्मलाको न्यायका लागि लडिरहेकी रुबीले भनिन्, 'सरकारसँग हाम्रो एउटै माग छ- सिआइबीको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस होस्। तर, सरकारले हालसम्म पनि सुनेको छैन। हामीले कानुन कार्यान्वयन होस् भन्न मात्रै चाहेका हौँ। तर, राज्यले किन सुनिरहेको छैन, हामी अचम्ममा परेका छौँ।'

अनशनरत रुबीसहित अभियन्तालाई अनशनकै अवधिमा डेंगु संक्रमण पनि भयो। अनशनरत सबैजसो बिरामी परे। सबेरै उठेर अनुशन बस्न माइतीघर आउने, साँझ कलंकी पुगेर वास बस्ने नियमित 'रुटिन'ले सबैको व्यक्तिगत जीवन तहसनहस भएको छ। तर, न्याय दिन सरकार तयार छैन, बरु उल्टै घटना दबाउन र अनशनरत पक्षलाई थकाउन उद्यत् छ। रुबीले भनिन्, 'मलाई डेंगु भयो। ६ दिनसम्म म उठ्न सकिनँ। तर, साथीहरूले आन्दोलनलाई निरन्तरता दिए। उनीहरू पनि रुघा र खोकीको संक्रमणबाट बिरामी भए। लगातारको झरी र चिसोले सबैको शरीर सुन्निन थाल्यो। तर, सरकारले हाम्रो मागलाई निरन्तर बेवास्ता गरिरहेको छ।'

मुद्दा अभियोजन गर्नेमध्येको एक जिम्मेवार निकाय गृह मन्त्रालयले निर्मला कुर्मी अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गर्ने काम प्रहरीको भएको हुँदा आधिकारिक धारणा उसैले दिने बताउँछ। गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले भने, 'घटनाको अनुसन्धान र प्रतिवेदन पेस गर्ने काम त प्रहरीको हो। यस विषयमा उनीहरूबाटै आधिकारिक धारणा आउला। यसमा हामी के भन्न सक्छौँ र ?'

जिल्ला प्रहरी कार्यालय बाँकेले भने मुद्दाका सन्दर्भमा असीमित म्याद भएकाले प्रक्रिया पूरा गरेर मात्रै पेस हुने बताएको छ। बाँके प्रहरी प्रमुख तुलबहादुर कार्कीले भने, 'यस मुद्दामा असीमित म्यादावधि छ। त्यसैले प्रक्रिया पूरा गरेर मात्रै मुद्दा पेस हुन्छ। अहिले प्रक्रिया पूरा गर्ने काम भइरहेको छ।'

निर्मला हत्यामा नेपालगन्ज- १७ का बादशाह कुर्मीसहित कृष्णकुरारी सिंह, कुवरबब्बर सिंह ठाकुर, उर्मिला कनोजिया, अम्मरलाल कुर्मी, धीरेन्द्र सिंह, नेपालगन्ज- १८ का रमेश थापा, पावर्ती विष्ट संलग्न रहेको भन्दै जिप्रका बाँकेमा महिला अधिकार मञ्चकी केन्द्रीय सदस्य मनकुमारी गुरतालले २० चैत ०७७ मै किटानी जाहेरी दिएकी थिइन्। तर, अहिलेसम्म प्रहरीले कसैलाई पक्राउ गरेको छैन। बेपत्ता भएकी निर्मलाको १४ पुस ०७७ मा हत्या भएको पुष्टि भएको थियो।

## जिबीको ठगीमा...

पृष्ठ १ बाट क्रमशः

कानुनविज्ञ बाबुराम कुँवर भने ढुक्कले पदमा छन।

पाँचवटा सहकारीको अर्बौं रकम हिनामिना गरेका गितेन्द्रबाबु (जिबी) राईका कम्पनीमा कुँवर वरिष्ठ सल्लाहकार थिए। उनी सल्लाहकार भएकै वेला सहकारीको पैसा विभिन्न कम्पनीमा लगेर दुरुपयोग भएको थियो।

कुँवरले बुधबार विज्ञप्ति जारी गरी आफू कानुनी सल्लाहकार मात्र भएकाले सहकारीको रकम उनका कम्पनीमा गएको विषयमा जानकार नभएको दाबी गरेका छन्। तर, उनी जिबीको कम्पनी नेचर हर्ब्समा उनी वरिष्ठ सल्लाहकारका हैसियतमा हर्ताकर्ता जस्तै थिए। सो कम्पनीका कागजपत्रले पनि त्यसको पुष्टि गर्छ। कम्पनीको हरेकजसो बैठकहरूमा जिबी राई, छविलाल जोशी र कुँवर नै मुख्य हर्ताकर्ता भएको त्यतिवेलाका सञ्चालकहरूले बताएका छन्। नेचर हर्ब्स कम्पनीको फेसबुक पेजमा रहेका फोटो र भिडियोले पनि कुँवरको कम्पनीमा सक्रिय भूमिका देखिन्छ।

एक सञ्चालकका अनुसार नियुक्ति नेचर हर्ब्सका नाममा भए पनि जिबीका सहकारीहरूमा पनि उनले सल्लाहकारका रूपमा काम गरेका थिए। सहकारीको रकम विभिन्न लगानीको विषयमा सबै उनलाई जानकारी भएको स्रोत बताउँछ। गोर्खा ग्रुप अफ कम्पनीका हरेकजसो महत्त्वपूर्ण कार्यक्रममा उनी सहभागी भएर भाषण गर्ने गरेको र साझेदारहरूको समूहसँग उनी नियमितजसो घुमघाममा जाने गरेका फोटोहरू सार्वजनिक भएका छन्। कम्पनीका पूर्वसाझेदारहरूले पनि कुँवर हर्ताकर्ता नै भएको दाबी गरेका छन्।

एक कम्पनीमा जिबीसँगै उनी साझेदार भएको सूचना संसदीय छानबिन समितिले समेत पाएको थियो। तर, त्यस विषयमा कुनै छानबिन हुन सकेको छैन। समय कम भएकाले कुँवरको भूमिकाको विषयमा आफूहरूले छानबिन गर्न नभ्याएको संसदीय विशेष समितिका सभापति सूर्य थापाले बताएका छन्। हाल प्रहरीले पनि त्यसतर्फ अनुसन्धानमा चासो दिएको छैन। हालका प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर उनका सहोदर भाइ भएकाले पनि निष्पक्ष अनुसन्धानमा प्रश्न उठ्दै आएको छ। कतिपय प्रमाण नष्ट गरिसकेको आरोपसमेत लागेको छ।

अर्कोतर्फ उनी राष्ट्रपतिको सल्लाहकारजस्तो महत्त्वपूर्ण पदमा कार्यरत छन्। गम्भीर आरोप लागेका व्यक्ति सार्वजनिक पदमा बस्नु स्वार्थको द्वन्द्व हुने भएकाले निष्पक्ष अनुसन्धानका लागि सहयोग गर्नुपर्ने सुशासनविद् तथा कानुनविद्हरूले बताएका छन्।

कुँवरले भने कम्पनीले गरेको बदमासीमा कानुनी सल्लाहकारको भूमिका नहुनेसमेत दाबी गरेका छन्। तर, विगतमा सहकारी ठगीमा कानुनी सल्लाहकारलाई समेत प्रहरीले अनुसन्धानको दायरामा ल्याएको नजिर छ। हाल राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेमाथि अनुसन्धान गरिरहेको कास्की प्रहरीले गत असारमा प्राइम सहकारीमा कानुनी सल्लाहकार रहेका इन्द्र बराललाई पक्राउ गरी मुद्दा दायर गरेको थियो। उनलाई अदालतले १२ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको थियो।

## जिबीका कानुनी...

पृष्ठ १ बाट क्रमशः

एउटा लज्जास्पद दृश्य हो।' कुँवर जिबीका कानुनी सल्लाहकार मात्रै होईन, कुनै कम्पनीमा साझेदारसमेत रहेको सूचना छानबिन समितिमा पुगेको थियो। अहिले हिरासतमा रहेका जिबीका साझेदार छविराज जोशीले पनि समितिलाई दिएको बयानका कुँवरलाई पोलेका थिए। तर, 'समयअभाव' भन्दै समितिले कुँवरको बयान समेत लिएन।

सभापति थापाले टिओआरमा नभएको र समय अभावका कारण नभ्याएको दाबी गरेका छन्। 'बाबुराम कुँवर होऊन् वा हरि वशिष्ठ जिबी राई र केदारनाथ शर्मालाई सशुल्क/निःशुल्क सल्लाह दिएर आजको नियतिमा पुर्‍याउन साथमा रहेको जानकारी नभएको/नआएको होइन,' उनले लेखेका छन्, 'तर, हामी कार्यादेश/उजुरी/गुनासो/निवेदनबेगर अरू ढंगले कार्यसम्पादन नगर्न निधारित सीमामा थियौँ। अहिले ब्यानर समाचार बनाउने पत्रिकाको आधार पनि समितिको प्रतिवेदन नै भएको छ, यसमा खुसी नै लागेको छ।'

थापाले सहकारी ठगीको विषयमा नयाँ पत्रिकाले समितिको कामलाई कम महत्त्व दिएको र विषयान्तर गरेको आरोप पनि लगाएका छन्। '२०८१ भदौ ३१ पछि नयाँ पत्रिका र अरू केही सीमित सञ्चारमाध्यममा रवि लामिछानेलाई संसदीय छानबिन समितिले क्लिनचिट(सफाइ) दिएको भन्ने ब्यानर समाचार सम्प्रेषण गरिनु नै तथ्यको तोडमरोड, भ्रष्टीकरण र घोषित मिसनकारिता थियो। मेरो अनुभवमा संसदीय छानबिन समितिको कामलाई सबभन्दा कम महत्त्व दिने र कार्यादेशभन्दा विषयान्तर गराउने गरी सम्प्रेषण गर्न निरन्तर उद्यत् भएको ब्रोडसिटमध्ये नयाँ पत्रिका अग्रणी थियो,' उनको आरोप छ।

**नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०८१/०५/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी नेपाल जिप्सी ज्याज प्रा.लि को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०६/०८ गतेको पत्रअनुसार कम्पनीको नाम परिवर्तन गरी हरि महर्जन प्रोजेक्ट (प्रा.लि. नं. १४२०८८) कायम गरीएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**मोटरसाइकल हरायो**

मिति २०८१/६/५ गते अ. रातीको समयमा सलाही जिल्ला चन्द्रनगर गा.पा.-२ बबरगर्ज स्थित घरअगाडीबाट मेरो निम्न व्यहोरा भएको निलो रंगको Xpulse 200 4v हिरो कम्पनीको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम: गोपाल महतो**
मो.सा.नं.: बा.प्र. ०२-०५० प ४४६०
चेसिस नं.: MBLLDLO82BGD03054
इन्जिन नं.: MC20ASRGD00582
सम्पर्क न.: 9851325590

**श्री लक्ष्मी नारायण माध्यमिक विद्यालय**
**रोशी-०२, काभ्रेपलाञ्चोक**

**सुची दर्ता गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०७।०९**

यस श्री लक्ष्मी नारायण माध्यमिक विद्यालयमा सामाजिक विकास मन्त्रालय वागमती प्रदेशबाट अनुदानप्राप्त स्कूल बस क्याटलग सपिङ्ग बिधिबाट खरिद गरिने भएकाले इच्छुक उत्पादक वा अधिकृत बिक्रेताले सूचना प्रकाशन भएको ३० दिनभित्र सूची दर्ताको लागि यो सूचना आह्वान गरिएको छ। सूचीकृत गर्दा भौतिक रुपमा विद्यालयमा नै उपस्थित भई वा कागजात प्रमाणित गरी इमेल ठेगाना: roshi.laxminarayan@gmal.com मा समेत सूची दर्ता गर्न सक्नुहुनेछ।

**आवश्यक कागजातहरु:**
१. निवेदन, २. संस्था दर्ता प्रमाणपत्र, ३. मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नं. दर्ताको प्रमाणपत्र, ४. कर चुक्ताको प्रमाणपत्र, ५. क्याटलग भएको प्रमाणपत्र
थप सम्पर्कको लागि: ९८६३६१९५०३

**काजीमान लामा**
**प्रधानाध्यापक**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत**
**सडक डिभिजन चौरजहारी**
**रुकुम पश्चिम**

**ठेक्का किन नतोड्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**मिति : २०८१/०७/०९**

तपसिलका निर्माण व्यवसायीले तपसिलको निर्माण कार्यको लागि यस डिभिजनसंग खरिद सम्झौता गरी तोकिएको समयावधिभित्र निर्माण कार्य सम्पन्न नगरेकाले यस अघि कार्य सम्पन्न गर्नको लागि मौखिक, टेलिफोन तथा पत्राचार गरेर समेत जानकारी गराइएकोमा सम्पर्कमा नआएको, कार्यप्रगति सन्तोषजनक नदेखिएको तथा कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाईएकोले निम्न ठेक्का किन नतोड्ने ? सो सम्बन्धी स्पष्टिकरण सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, श्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरू यस कार्यालयमा लिखित स्पष्टिकरण सहित उपस्थित हुनुहुन यो सूचना जारी गरिएको छ। उपरोक्त अवधिमा कार्य सम्पन्न गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ र ठेक्का सम्झौताको GCC Clause 72 बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, धरौटी वापतको रकम तथा पेश्की रकमको १०% ब्याज जफत गर्नुका साथै सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारवाही अघि बढाईने समेत जानकारी गराइन्छ।

| ठेक्का नं. | कार्य विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | म्याद थप पश्चात सम्पन्न गर्नु पर्ने मिति |
|---|---|---|---|---|
| DROC-JI/33701138/NCB/78/79-01 | Road Upgrading Works (DBSD) on Khalanga-Panch-katiya-Jumla Road Section (CH:0+000 to CH:6+000) | M/S Bajra Guru – B&B J/V, Sukedhara, Kathmandu | २०७८।०५।१८ | २०८१।०७।०४ |

**डिभिजन प्रमुख**

Government of Nepal
Ministry of Health and Population
**National Academy of Medical Sciences**
**Bir Hospital**
**Mahabouddha, Kathmandu**

**Invitation for Bid**

**Date of Publication : 25th October 2024 (2081/07/09 B.S.)**

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the Renovation of Emergency Ward & Re-construction of Diet Section, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   a. Name of Bank : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. Name of Office : National Academy of Medical Sciences, Bir Hospital
   c. Office Code No. : 370613501
   d. Office Account No : 1000100200010000
   e. Rajaswa Shirshak no : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceuroment Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

| Bid ID No. | Requirement | Opening Date | Bid Document Fee | Bid Security |
|---|---|---|---|---|
| NAMS/NCB/WORKS/81/82/25 | Renovation of Emergency Ward & Re-construction of Diet Section | 2081-08-09; 14:00 hrs. | Rs. 5,000/- | Rs. 25,00,000/- |

**Director**

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

■ साफ महिला च्याम्पियनसिप

# नेपाल सेमिफाइनलमा भारतसँग भिड्ने

**रमेश सुवेदी**/नयाँ पत्रिका



समूह विजेता बन्न श्रीलंकाविरुद्ध निर्णायक छैटौं गोल गरेपछि खुसी मनाउँदै नेपाली खेलाडी । तस्बिर : **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

घरेलु टोली नेपालले सर्वाधिक पाँचपटकको च्याम्पियन भारतसँग साफ महिला च्याम्पियनसिपको सेमिफाइनलमा प्रतिस्पर्धा गर्ने भएको छ । बिहीबार दशरथ रंगशालामा भएको समूह 'बी'को अन्तिम खेलसँगै सेमिफाइनल समीकरण पूरा भयो । निर्णायक खेलमा नेपालले श्रीलंकालाई ६-० ले हरायो । यो हारपछि श्रीलंका समूह चरणबाट बाहिरियो । यसअघि दिनको पहिलो खेलमा भुटानले माल्दिभ्सलाई १३-० ले हराएपछि नेपाललाई समूह विजेता बन्न कम्तीमा ६ गोल गर्नुपर्ने दबाब थियो । अब फाइनल प्रवेशका लागि नेपालले भारतसँग खेल्दा साबिक विजेता बंगलादेशले भुटानको सामना गर्नेछ ।

नेपालका प्रशिक्षक राजेन्द्र तामाङले सेमिफाइनल जित्न खेल्ने बताएका छन् । 'हामी भारतसँग खेल्न तयार छौं । उपाधि जित्ने लक्ष्य हुँदा सेमिफाइनल जित्न खेल्छौं ।' सन् २०२२ को संस्करणमा पनि नेपाल र भारतले नै सेमिफाइनल प्रतिस्पर्धा गरेका थिए । रश्मिकुमारी घिसिङको निर्णायक गोलमा नेपाल फाइनलमा प्रवेश गरेको थियो । नेपालले भारतलाई साफ च्याम्पियनसिपमा हराएको यो नै पहिलोपटक थियो । फाइनलमा भने नेपाल बंगलादेशसँग ३-१ ले पराजित हुँदा पुनः उपविजेतामा सीमित बनेको थियो ।

## रश्मिको गोलमा समूह विजेता

नेपालले श्रीलंकालाई ६-० ले हराउँदा समूह विजेता बनाउन रश्मिकुमारी घिसिङले निर्णायक गोल गरिन् । ९० मिनेटसम्म नेपाल ५-० ले अघि हुँदा उपविजेता हुने निश्चितजस्तै थियो । तर, इन्जुरी समयमा रश्मिले हेडर गोल गर्दै नेपाललाई समूह विजेता बनाएकी हुन् । तीन खेलबाट समान ७ अंक भए पनि भुटान गोलअन्तरमा उपविजेता बन्यो । यसअघि नेपाल र भुटानले पहिलो खेलमा गोलरहित बराबरी खेलेका थिए । दोस्रो खेलमा नेपालले माल्दिभ्सलाई ११-० ले हराएको थियो ।

यसअघि रेखा पौडेलले दुई तथा सविता रानामगर र सावित्रा भण्डारीले पहिलो हाफमै गोल गरेपछि नेपाल ४-० ले अघि रह्यो । दोस्रो हाफमा अमिसा कार्की र रश्मिकुमारी घिसिङले समान एक गोल गरेका थिए । प्रशिक्षक राजेन्द्र तामाङले तेस्रो खेलमा कप्तान अञ्जिला तुम्बाप्पो सुब्बासहित अमृता जैशी, सावित्रा भण्डारीलाई पहिलो ११ मा खेलाएका थिए । तीनै खेलाडी दोस्रो खेलमा माल्दिभ्सविरुद्ध विश्राममा थिए ।

## पहिलो हाफमै चार गोल

श्रीलंकाविरुद्ध नेपालले पहिलो हाफमै चार गोल गर्‍यो । दोस्रो हाफमा श्रीलंकाले बलियो रक्षापंक्ति रणनीति अपनायो । फलतः समूह विजेता बन्न एक गोल चाहिएको अवस्थामा नेपाली खेलाडी निकै दबाबमा थिए ।

यसअघि खेलको आठौं मिनेटमा सविताले नेपाललाई अग्रता दिलाइन् । फ्रान्सबाट व्यावसायिक फुटबल खेलेर फर्किएकी सावित्राले मिलाएको सुन्दर पासमा उनले गोल गरेकी हुन् । दोस्रो गोल १२औं मिनेटमा सम्भव भयो । सावित्राले २५ यार्ड नजिकैबाट हानेको शक्तिशाली प्रहारले सीधै जाली चुमेको थियो । विमला विकले मिलाएको बलमा सावित्राले गोल गरेकी हुन् । उनी तीन दिनअघि मात्रै नेपाल आएर पहिलो खेल खेलेकी हुन् । यो साफमा उनको पहिलो गोल हो ।

खेलको १३औं मिनेटमै रेखा पौडेलले तेस्रो गोल गरिन् । अमिसाको क्रसमा बक्सभित्र पुग्दै रेखाले भली गोल गरेकी हुन् । ३६औं मिनेटमा रेखाले व्यक्तिगत दोस्रो गोल गरेकी हुन् । सावित्राले बक्सबाहिरबाट हानेको प्रहार रेखालाई लाग्दै गोल हुन पुगेपछि पहिलो हाफमै नेपालले ४-० को अग्रता बनायो । दोस्रो हाफमा भने नेपालले दुई गोल मात्रै गर्‍यो । ४७औं मिनेटमा अमिसा कार्कीले हेडरमा पाँचौं गोल गरिन् । खेलको इन्जुरी समयमा रश्मिले छैटौं गोल गरिन् ।



### सेमिफाइनल जित्न खेल्छौं

**राजेन्द्र तामाङ, प्रशिक्षक, नेपाल**

श्रीलंकाविरुद्ध सुरुमै गोल गर्न सफल भयौं । दोस्रो हाफमा रक्षात्मक खेल खेल्दै श्रीलंका नेपाललाई काउन्टर अट्याकमा दबाब दिन चाहन्थ्यो । तर, त्यसमा सावित्रालाई धेरै निगरानीमा राखिँदा उसलाई तल झारेर खेल्न लगाएँ । ६ गोल गर्नुपर्दा आत्तिएको जस्तो देखियो । रश्मिले निर्णायक गोल गरिन् । माल्दिभ्सविरुद्ध धेरै गोल थियो । हाम्रो खेलाडीलाई दबाबमा राख्यो । तैपनि ६ गोल गर्न सफल भयौं । अब, भारतको पछिल्लो खेल हेरेर काम गर्छौं । जसरी पनि सेमिफाइनल जित्न खेल्छौं ।



### राम्रो खेल्यौं

**सविता रानामगर, खेलाडी**

पहिलो हाफ निकै राम्रो भयो । पाँच गोलपछि ६ गोल गर्न निकै दबाब थियो । पाँच गोल हुँदा एक गोलका लागि संघर्ष गर्नुपर्‍यो । व्यक्तिगत रूपमा पछिल्लो दुई खेल निकै राम्रो भयो । पहिलो खेलमा कम अनुभव हुँदा आत्तिएको थिएँ । दोस्रो र तेस्रो खेलमा राम्रो भयो । यो गोल ममीलाई समर्पित गर्छु ।



### यो प्रदर्शनबाट सन्तुष्ट छौं

**मोहम्मद हसन रुमी निजाम, प्रशिक्षक, श्रीलंका**

साफ च्याम्पियनसिपमा खेलाडीको प्रदर्शनमा धेरै खुसी छु । हामी फिफाबाट निलम्बनमा थियौं । तैपनि प्रतियोगितामा राम्रो गर्‍यौं । यो लयलाई आगामी दिनमा निरन्तरता दिन चाहन्छौं । हामी पहिलो खेलबाट टपमा रह्यौं । तर, पछिल्ला दुई खेल राम्रो हुन सकेन ।

### ■ माल्दिभ्सविरुद्ध भुटानको १३ गोल

समूहको अर्को खेलमा भुटानले माल्दिभ्सविरुद्ध १३ गोल गरेको छ । भुटानले १३ गोल गरेपछि समूह विजेता बन्न नेपाललाई ६ गोल गर्नैपर्ने दबाब थियो । भुटानका लागि देकी लाजोम एक्लैले पाँच गोल गरिन् । लाजोमले १५, १९, ४६, ५२ र ७० औं मिनेटमा गोल गरिन् । पेमा छोदेन र डेकी याङदोनले समान दुई गर्दा नामगेल देमा, देकी याङदोन, छिरिङ लादेन र सोनाम छोदेनले समान एक गोल गरेका छन् । पेमाले ७, र १७ तथा छिरिङ याङदेनले ६५ र ८०, सोनमले ५, नामगेलले ४१, देकी याङदेनले ४७ तथा छिरिङ लादेनले ६८औं मिनेटमा गोल थपेका थिए ।

#### अंक तालिका

समूह 'ए'

| टोली | खेल | जित | ड्र | हार | गोल अन्तर | अंक |
|---|---|---|---|---|---|---|
| बंगलादेश | २ | १ | १ | ० | २ | ४ |
| भारत | २ | १ | ० | १ | १ | ३ |
| पाकिस्तान | २ | ० | १ | १ | -३ | १ |

समूह 'बी'

| टोली | खेल | जित | ड्र | हार | गोल अन्तर | अंक |
|---|---|---|---|---|---|---|
| नेपाल | ३ | २ | १ | ० | १७ | ७ |
| भुटान | ३ | २ | १ | ० | १६ | ७ |
| श्रीलंका | ३ | १ | ० | २ | -७ | ३ |
| माल्दिभ्स | ३ | ० | ० | ३ | -२५ | ० |

## खेल संक्षेप

### कमल थापालाई दुई उपाधि

**काठमाडौं**/ कमल थापाले चौथो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगितामा दुई उपाधि जितेका छन् । बिहीबार सातदोबाटोस्थित नेपाल टेनिस संघको कोर्टमा भएको प्रतियोगितामा थापाले पुरुष ५५ वर्षमाथि र ६५ वर्षमाथि उमेर समूहको एकल गरी दुई उपाधि जितेका हुन् । कमलले ५५ वर्षमाथि उमेर समूहको फाइनलमा मनोजविक्रम शाहलाई समान ७-६, ७-६ ले हराए । ६५ वर्षमाथि ध्रुव गुरुङलाई समान ४-० को स्कोरमा पराजित गरेका हुन् । महिला एकलको उपाधिका लागि अभिलाशा विष्ट र सुनिरा थापाले प्रतिस्पर्धा गर्नेछन् । सेमिफाइनलमा अभिलाशाले प्रज्ना मानन्धरलाई ६-१ र ६-१ ले सहजै हराइन् । अर्को सेमिफाइनलमा सुनिराले स्वस्तिका विष्टमाथि ६-० र ६-१ को जित निकालिन् ।

### धरान, फ्रिडम फाइटर, आर्मी र ठमेल सेमिफाइनलमा

**काठमाडौं**/ फुटबलर्स मिसन टुगेदरले आयोजना गरेको दोस्रो भेट्रान्स फुटबल प्रतियोगितामा धरान, फ्रिडम फाइटर, आर्मी र ठमेल सेमिफाइनलमा प्रवेश गरेका छन् । बिहीबार मध्यपुर युथ एसोसिएसनको खेल मैदानमा भएको पहिलो क्वार्टरफाइनलमा धरान भेट्रान टिमले सरस्वतीनगर भेट्रान टिमलाई सडनडेथमा पराजित गर्‍यो । निर्धारित समयमा कुनै गोल नभएपछि खेलको नतिजा सडनडेथमा आएको हो । दोस्रो खेलमा फ्रिडम फाइटरले बानेश्वर फ्रेन्डसिपलाई ४-१ ले पराजित गर्‍यो । फ्रिडमका लागि कृष्ण शाक्य, विकर्ण श्रेष्ठ, दीपक लामा र तेजबहादुर गलामीले गोल गरेका थिए । बानेश्वरका लागि हरिहर थापाले एक गोल फर्काए । तेस्रो खेलमा त्रिभुवन आर्मी फुटबल क्लबले किंगकम स्पोर्टस् क्लबलाई ५-३ ले पराजित गर्‍यो । चौथो तथा अन्तिम क्वार्टरफाइनल खेलमा ठमेल टुरिजम डेभलपमेन्ट काउन्सिलले एनआरटीलाई ३-० ले पराजित गर्‍यो ।।

### अर्जुनको शतक

**कास्की**/ अर्जुन कुमालको शतकप्रेरित कास्की क्रिकेट क्लब कास्की जिल्ला क्लबस्तरीय एकदिवसीय पुरुष क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । कास्की जिल्ला क्रिकेट संघको आयोजनामा बिहीबार भएको खेलमा कास्कीले माछापुच्छ्रे क्रिकेट क्लबलाई २१९ रनले पराजित गर्‍यो । टस जितेर ब्याटिङ गरेको कास्कीले ३० ओभर खेल्दै चार विकेट गुमाएर ३५१ रनको विशाल योगफल तयार गरेको थियो । प्रत्युत्तरमा माछापुच्छ्रेले २७.४ ओभरमा अलआउट हुँदा मात्र १३२ रन बनाउन सक्यो । कास्कीको जितमा खेलका प्लेयर अफ दी म्याच अर्जुनले शतक बनाए । उनले १२८ बलमा १८ चौका र तीन छक्कासहित १५१ रन बनाएका हुन् ।

### सेमिफाइनल समीकरण पूरा

**काठमाडौं**/ मालिकादेवी कप खुला सेभेन ए साइड फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । बिहीबार सिन्धुपाल्चोक दरबार डाँडा खेलमैदानमा क्वार्टरफाइनलका आठ खेल सम्पन्न भएसँगै चौथो संस्करणको सेमिफाइनलमा पुग्ने चारै टोलीको टुंगो लागेको हो । पहिलो क्वार्टरफाइनलमा सुकुटे युवा चारण समाजलाई १-० गोलले पराजित गर्दै राई एफसी सेमिफाइनलमा प्रवेश गरेको छ । दोस्रो क्वार्टरफाइनलमा सुनकोशी 'बी'ले वारियर्स एफसीलाई पेनाल्टी सुटआउटमा २-१ गोलले पराजित गर्‍यो ।

### लोहोरुङ र पञ्चकन्या क्वार्टरफाइनलमा

संखुवासभामा **नविन गुरुङ**

लोहोरुङ र पञ्चकन्या क्लब अरुण भ्याली फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । बिहीबार संखुवासभाको खाँदबारी नगरपालिका- ३ मानेभञ्ज्याङमा लोहोरुङ क्लबले मकालु फ्रेन्ड्सलाई ६-१ को अन्तरले पराजित गर्‍यो । दोस्रो खेलमा पञ्चकन्या क्लबले गाउँले फुटबल क्लबलाई १-० ले हरायो ।

बुधबारदेखि सुरु भएको अरुण भ्याली प्रतियोगितामाको नवौं संस्करणको दोस्रो दिन चार खेल भए । शुक्रबार दोस्रो चरण खेलहरू सेकाहा क्लब र आयोजक एडभान्स, लोहोरुङ र चुलाचुली क्लब धनकुटा, सभापोखरी र पाथीभरा क्लब सुनसरी तथा पञ्चकन्या र बेलबारी क्लब मोरङबिच प्रतिस्पर्धा हुनेछ ।


प्रतियोगिताको विजेताले दुई लाख तथा उपविजेताले एक लाख प्राप्त गर्नेछन् । सेमिफाइनलिस्ट दुई टिमले समान २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोकृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर र सर्वाधिक गोलकर्ताले जनही समान पाँच हजार रुपैयाँ प्राप्त गर्नेछन् । बुधबारदेखि सुरु भएको प्रतियोगिता १२ गते समापन हुनेछ ।

■ नेपाल प्रिमियर लिग

## एकै दिन भित्रिए तीन विदेशी खेलाडी



जिमी निसम
जनकपुर बोल्ट्समा अनुबन्ध



मर्चेन्ट डी लाङ
चितवन राइनोजमा अनुबन्ध



सैफ अली जैब
सुदूरपश्चिम रोयल्समा अनुबन्ध

**काठमाडौं**/ नेपाल प्रिमियर लिग (एनपिएल) खेल्न बिहीबार तीन विदेशी खेलाडी अनुबन्ध भएका छन् । प्रतियोगिता १५ मंसिरदेखि ६ पुससम्म आयोजना हुँदै छ । टेस्ट राष्ट्र न्युजिल्यान्डका अलराउन्डर जिमी निसम फ्रेन्चाइज टोली जनकपुर बोल्ट्स, दक्षिण अफ्रिकाका तीव्रगतिका बलर मर्चेन्ट डी लाङलाई चितवन राइनोजले र सुदूरपश्चिम रोयल्सले इंग्लिस क्रिकेटर सैफ अली जैबलाई अनुबन्ध गरेको छ ।

निसमले न्युजिल्यान्डका लागि ७९ टी-२० अन्तर्राष्ट्रिय खेलमा ९४४ रन बनाएका छन् । जसमा ३९ विकेट पनि छ । जनकपुरको मार्की खेलाडीमा राष्ट्रिय क्रिकेट टोलीका विकेटकिपर तथा ब्याटर आसिफ शेख छन् । यसैगरी टोलीले पुबुदु दासानायकेलाई प्रशिक्षण जिम्मेवारी सुम्पिएको छ । प्रतियोगितामा आठ फ्रेन्चाइज टोलीको सहभागिता रहनेछ । लिगमा जनकपुर बोल्ट्ससहित लुम्बिनी लायन्स, काठमाडौं गुर्खाज, चितवन राइनोज, सुदूरपश्चिम रोयल्स, विराटनगर किंग्स, कर्णाली याक्स र पोखरा एभेन्जर्सले प्रतिस्पर्धा गर्नेछन् ।

### दक्षिण अफ्रिकाका लाङ चितवनमा

दक्षिण अफ्रिकाका तीव्र गतिका बलर मर्चेन्ट डी लाङ चितवन राइनोजमा अनुबन्ध भएका छन् । ३४ वर्षीय लाङसँग ग्ल्यामोर्गन, समरसेट, ग्लुसेस्टरसायरजस्ता टोलीबाट काउन्टी क्रिकेट खेलेको अनुभव छ ।

यसैगरी उनले मुम्बई इन्डियन्स, कोलकाता नाइट राइडर्स, इस्लामाबाद युनाइटेड, गुयाना अमेजन वारियर्स, ट्रेन्ट रकेट्स, डम्बुला गेन्ट्सलगायत विश्वस्तरिय फ्रेन्चाइज टोलीको पनि प्रतिनिधित्व गरिसकेका छन् ।

लाङले दक्षिण अफ्रिकाका लागि ६ टी-२० अन्तर्राष्ट्रिय खेल खेल्दा सात विकेट लिएका छन् । उनले नेपाल प्रियिमर लिगमा चितवनको प्रतिनिधित्व गर्न पाउँदा खुसी लागेको बताएका छन् । 'नेपाल प्रिमियर लिगमा चितवन राइनोजको प्रतिनिधित्व गर्न तथा विश्वका सबैभन्दा जोसिला समर्थकको अगाडि खेल्न पाउँदा खुसी र रोमाञ्चित छु । मेरो पहिलो भ्रमण हुनेछ,' लाङले भने । चितवनको मार्कीमा कुशल मल्ल रहेका छन् ।

### इंग्लिस खेलाडी अली जैब सुदूरपश्चिममा

सुदूरपश्चिम रोयल्सले दोस्रो विदेशी खेलाडीका रूपमा इंग्लिस क्रिकेटर सैफ अली जैबलाई अनुबन्ध गरेको छ । २६ वर्षीय जैबले हालसम्म सिनियर टोलीका लागि भने खेलेका छैनन् । जैबले ७४ टी-२० खेलमा सात अर्धशतकसहित १ हजार २६६ रन बनाएका छन् । यसैगरी उनले १२ विकेट पनि लिएका छन् । यसअघि सुदूरपश्चिमले स्कटल्यान्डका ब्याटर ब्रेन्डन म्याकुलमलाई भित्र्याएको थियो । सुदूरपश्चिमको मार्की खेलाडीमा राष्ट्रिय टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी छन् ।

## बार्सिलोनाको बदला

**एजेन्सी**/ बार्सिलोनाले युरोपेली च्याम्पियन्स लिगमा बायर्न म्युनिखमाथि ४-१ को प्रभावशाली जित निकाल्दै चार वर्षअघिको बदला लिएको छ । घरेलु मैदान इस्टाडी ओलम्पिकमा कप्तान राफिन्हाले ह्याट्रिक गरेपछि बायर्नविरुद्ध बार्सिलोनाले दबाब बनाएको हो । बार्सिलोनाको जितमा सयौं खेल खेलेका ब्राजिलियन स्टार राफिन्हाले खेलको पहिलो मिनेट, ४५ र ५६औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे । अर्को गोल रोबर्ट लेवान्डोस्कीले ३६औं मिनेटमा गरेका हुन् ।

चार वर्षअघि भएको क्वार्टरफाइनलमा बायर्नले बार्सिलोनाविरुद्ध ८-२ को फराकिलो जित निकालेको थियो । त्यसयता खराब प्रदर्शन गर्दै आएको बार्सिलोना बायर्नविरुद्ध जितविहीन थियो । बिहीबार राति बायर्नका तर्फबाट ह्यारी केनले १८औं मिनेटमा गोल गरे पनि त्यो जित निकाल्न पर्याप्त भएन । उनले खेलको दशौं मिनेटमा गोल गरे पनि भिडियो असिस्टेन रेफ्री (भिएआर)ले मान्यता दिएन । जितपछि बार्सिलोना ३ खेलबाट ६ अंक जोड्दै दशौं स्थानमा छ । समान खेलबाट ३ अंक जोडेको बायर्न २३औं स्थानमा छ ।

बार्सिलोनाको प्रशिक्षक ह्यान्सी फ्लिकले 'एल क्लासिको'अघिको जितले टोलीको आत्मबल बढेको बताएका छन् । 'हामीले यो खेलबाट बदला मात्रै लिएका छैनौं । आगामी एल क्लासिकोका लागि राम्रो तयारीसमेत भएको छ । सिजनको पहिलो एल क्लासिको आगामी आइतबार हुँदै छ । रियल म्याड्रिडको घरेलु मैदान सान्तियागो बर्नाबेउमा हुने खेलअघि फ्लिकले आफ्ना खेलाडीलाई विश्राम गर्न निर्देशन दिएका छन् । ला लिगामा हरेक टोलीले दश खेल खेल्दा बार्सिलोना तीन अंकको अग्रतासहित शीर्ष स्थानमा छ । २४ अंकको म्याड्रिड दोस्रो स्थानमा छ ।



जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति :- २०८१।०७।०९)

यस कार्यालयको मिति २०८१/०५/१९ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रहरु मुल्याङ्कन समितिको मिति २०८१/०७/०८ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतीको लागी पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागी सम्बन्धित सबैको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | न्यूनतम मूल्याङ्कित कबोल अंक मू.अ.कर सहित रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | NCB/JRM/GOODS/01/2081/082 | Procurement for Supply and Delivery of essential drugs and Surgical items to Janaki Rural Municipality Offiice. | रौलाकेदार मेडिसिन सप्लायर्स, गोदावरी-२, कैलाली । | ५,५४,६५२।०० | |

प्रमुख प्रशासकीय अधिकृत

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तिगौडा,काठमाडौं
बागमती प्रदेश

बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१/०७/०९
नेपाल सम्वत् ११४४

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिलको कार्यको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| सि.नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक मु.अ.क बाहेक |
|---|---|---|---|
| 1 | Procurement of Supply and Delivery of Medicines and Medical Supplies for Budhanilkantha Nagar Hospital, ward no -10 (NCB/BNP/GW/081-082/01) | Surgimed Distributers Pvt. Ltd, Dhara | 26,33,170.00 |
| 2 | The Procurement of Stationery and Masalanda Goods (NCB/BNP/GW/081-082/02) | Royal SG International, Kathmandu | 42,87,084.00 |
| 3 | Procurement of Service for Publishing Notice in National Daily Newspaper (A class) (SQ/BNP/SW/081-082/01) | Join Media House Pvt. Ltd, Anamnagar-29, Kathmandu | 5,618.00 |

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com